
# प्रदेश १ का आर्थिक वृद्धि सम्भाव्य क्षेत्रहरू




## विराट एक्स्पो २०७९ मा छलफलका लागि तयार पारिएको आर्थिक वृद्धि सम्भाव्य क्षेत्र सम्बन्धी अध्ययनका प्रारम्भिक निष्कर्ष र सुझावहरू

# खण्ड - १
# परिचय

## १. पृष्ठभूमि

प्रदेश १ ले प्रथम आवधिक योजनामार्फत् आर्थिक सामाजिक विकासका लक्ष्य निर्धारण गरी सो को कार्यान्वयन अघि बढाई रहेको छ । लगानी प्रवर्द्धन तथा सार्वजनिक निजी साझेदारीका परियोजना अघि बढाउन प्रदेश लगानी प्राधिकरण पनि गठन गरेको छ । यस सन्दर्भमा लगानीकर्ता आकर्षित गर्न र आर्थिक विकासलाई गति दिन तुलानात्मक लाभका क्षेत्र पहिचान गरी लगानीका क्षेत्रको प्राथमिकीकरण गर्नु आवश्यक छ । यसका लागि द एसिया फाउण्डेशनको सहयोगमा प्रदेश १ का आर्थिक वृद्धि सम्भाव्य क्षेत्र पहिचान र आर्थिक वृद्धिका रणनीतिक सुझाव तयारीका लागि कम्युनिटी इन्गेजमेन्टस् एण्ड आउटरिच प्रा.लि. मार्फत् अध्ययन भइरहेको छ ।

## २. अध्ययनको उद्देश्य

प्रदेश १ को आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा पहिचान गर्नु र तिनको उत्पादन र मुल्य अभिवृद्धि हाँसिल गर्नमा प्रदेश सरकार, स्थानीय सरकारहरू र निजी क्षेत्रका बिच प्रभावकारी साझेदारी र सहकार्यका क्षेत्र पहिल्याउनु यो अध्ययनको समग्र उद्देश्य हो ।

प्रदेश १ को आर्थिक वृद्धिमा योगदान गर्न सक्ने प्रमुख क्षेत्र, उपक्षेत्र, बस्तु तथा सेवा पहिचान गर्नु, पहिचान भएका बस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व विस्तार र मुल्य अभिवृद्धिका उपायहरू पहिचान गर्नु, प्रदेश १ को आर्थिक वृद्धिमा योगदान गर्ने गरी सरकार, निजी र सहकारी क्षेत्रको लगानी अभिवृद्धिका अवसर र चुनौती पहिल्याउनु तथा स्थानीय र प्रादेशिक आर्थिक वृद्धिमा स्थानीय तहहरूको सहकार्य र साझेदारीका सम्भावनाको खोजी गर्नु यो अध्ययनका निर्दिष्ट उद्देश्य हुन् ।

## ३. अध्ययन विधि

प्रदेश १ को आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने बस्तु तथा सेवा पहिचानका लागि द्वितीयक तथ्याङ्कको प्रयोग गरिएको थियो भने पहिचान गरिएका बस्तु तथा सेवाको स्थानीय अवस्था, अवसर र चुनौती पहिचानका लागि प्राथमिक स्रोतबाट सूचना संलन गरिएको थियो ।

केन्द्रीय तथ्याङ्क विभाग, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय (आर्थिक सर्वेक्षण), राष्ट्रिय योजना आयोग, प्रदेश अर्थ मन्त्रालय र योजना आयोग, संघीय र प्रादेशिक कृषि मन्त्रालय तथा विभाग, भन्सार विभाग तथा कार्यालयहरू आदि द्वितीयक तथ्याङ्क सङ्कलनका माध्यम हुन् । जनसाङ्ख्यिक तथ्याङ्क, सरकारका नीतिगत प्राथमिकता, कुल गार्हस्थ्य उत्पादन सम्बन्धी तथ्याङ्क, आयात तथा निर्यात, उद्योग व्यवसायको सङ्ख्या, आय र रोजगारीको अवस्था, सार्वजनिक वित्त आदि तथ्याङ्क सङ्कलन गरिएको थियो ।

विभिन्न बस्तु तथा सेवामा केन्द्रित रहेर गरिएका केन्द्रित समूह छलफल, जानिफकार अन्तर्वार्ता तथा परामर्श बैठकहरू प्राथमिक तथ्याङ्कका स्रोत हुन् । उत्पादकहरू, व्यवसायीहरू, व्यवसायिक संघ सङ्गठन, प्रदेश सरकारका विभिन्न तहका निकायका प्रतिनिधिहरू, स्थानीय सरकारका प्रतिनिधि आदिलाई यो प्रक्रियामा संलग्न गराइएको थियो ।

विस्तृत प्रतिवेदनमा सङ्कलित द्वितीयक स्रोतका तथ्याङ्क वर्ड र एक्सेलका निर्धारित तालिकाको सहायताले प्रस्तुतीकरण गरिएको छ भने विश्लेषणका लागि तालिका, ग्राफ, स्तम्भ चित्र, पाइचार्ट आदि प्रयोग गरिएका छन् । भौगोलिक सूचना प्रणाली सङ्केत गर्ने बिन्दु सहितका सूचनालाई नक्सामा पनि प्रस्तुत गरिएको छ । प्रतिशत, प्रवृत्ति विश्लेषण, औसत तथा अनुपात जस्ता अङ्क गणितीय र आधारभूत तथ्याङ्कीय विधिमार्फत् परिमाणात्मक सूचना विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट सङ्कलित तथ्याङ्क विश्लेषण गर्दा विभिन्न माध्यमबाट सङ्कलन गरिएका तथ्याङ्कलाई प्रमुख विषयमा समूहीकृत गरी साझा सवालहरूलाई प्रमुख निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

## ४. अध्ययनका सीमा

यो अध्ययन अन्तर्गत प्रदेशको आर्थिक सम्भाव्य क्षेत्र पहिचानका लागि उपलब्ध द्वितीयक स्रोतका सूचना प्रयोग गरिएको र ३ देखि ५ वर्षको कुल गार्हस्थ्य उत्पादन, प्रादेशिक नीति तथा कार्यक्रम, आयात र निर्यात आदि तथ्याङ्कमा रहेर मात्र अध्ययन हुनु यस अध्ययनको मुख्य सीमितता हो । हाल प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उल्लेख्य हिस्सा नभएता पनि भविष्यमा महत्वपूर्ण योगदान गर्नसक्ने सम्भावना भएका बस्तु तथा सेवाको विस्तृत अध्ययन गरिएको छैन । छोटो समय र सीमित स्रोतका कारण पहिचान भएका बस्तु तथा सेवा उत्पादन वा प्रवाह हुने केही क्षेत्रमा मात्र केन्द्रित समूह छलफल, जानिफकार अन्तर्वार्ता र परामर्श बैठक गरिएको हुनाले त्यसरी सङ्कलित धारणालाई प्रदेशस्तरमा सामान्यीकरण गरिएको छ ।

# खण्ड - २
# द्वितीयक तथ्याङ्क विश्लेषण

## १. प्रादेशिक अर्थतन्त्र (Provincial Economy)

प्रदेश १ ले नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब १५ प्रतिशत हिस्सा ओगट्दै आएको देखिन्छ । यो बाग्मती प्रदेश पछिको दोस्रो बढी योगदान हो । आर्थिक वर्ष २०७५/७६ मा प्रदेश १ को आर्थिक वृद्धिदर ७.२ प्रतिशत रहेकोमा २०७६/७७ र २०७७/७८ मा क्रमशः -१.२ प्रतिशत र ३.६ प्रतिशत रहने तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क २०७७/७८ मा उल्लेख छ । आर्थिक सर्वेक्षण २०७५/७६ मा उल्लेख भएअनुसार प्रदेश १ मा १२.५ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेका छन् । यस आधारमा प्रदेश १ मा गरिबीको रेखामुनी रहेको जनसङ्ख्याको हिस्सा अन्य सबै प्रदेश भन्दा कम रहेको देखिन्छ । सोही वर्ष बहुआयामिक गरिबीको दर भने प्रदेश १ मा १९.७ प्रतिशत रहेको थियो । यो बाग्मती, गण्डकी र लुम्बिनी भन्दा बढी हो । आर्थिक वर्ष २०७६/७७ मा प्रदेशको प्रतिब्यक्ति आय १०६२ अमेरिकी डलर रहेको देखिन्छ । प्रदेश अर्थतन्त्रका अन्य पक्ष क्रमशः प्रस्तुत गरिएको छ ।

### १.१. प्रादेशिक कुल गार्हस्थ्य उत्पादन

नेपालको कुल गार्हस्थ्य उत्पादन र प्रदेशगत गार्हस्थ्य उत्पादनको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १ : राष्ट्रिय र प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित मुल्यमा)**

| प्रदेश/आर्थिक वर्ष | २०७५/७६ | | २०७६/७७ (सं) | | २०७७/७८ (प्रा) | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| नेपाल | ३८५८९३१ | १००.०० | ३९१४७०१ | १००.०० | ४२६६३२२ | १००.०० |
| प्रदेश १ | ५९९२४२.२ | १५.५३ | ६१२३६४.८ | १५.६४ | ६६३५९९.८ | १५.५५ |
| मधेस | ५०३५३७.५ | १३.०५ | ५१८८२८.९ | १३.२५ | ५६१६६३.९ | १३.१७ |
| बाग्मती | १४६२८९१ | ३७.९१ | १४५४७७६ | ३७.१६ | १६०७६५१ | ३७.६८ |
| गण्डकी | ३४०८२७.५ | ८.८३ | ३४४४५६.२ | ८.८० | ३७२१६३.२ | ८.७२ |
| लुम्बिनी | ५४०००२ | १३.९९ | ५४९८७२ | १४.०५ | ५९५५७३ | १३.९६ |
| कर्णाली | १५१८९१.८ | ३.९४ | १६०५८२.५ | ४.१० | १७१७५८.७ | ४.०३ |
| सुदूरपश्चिम | २६०५३९ | ६.७५ | २७३८२१.२ | ६.९९ | २९३९१२.६ | ६.८९ |

(सं-संशोधित प्रारम्भिक, प्रा-प्रारम्भिक)

माथिको तालिकामा देखाइए अनुसार आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को कुल गार्हस्थ्य उत्पादनको १५.५३, १५.६४ र १५.५५ प्रतिशत हिस्सा प्रदेश एकको देखिन्छ । जस अनुसार देशको कुल गार्हस्थ्य उत्पादनमा बाग्मती पछि प्रदेश १ को दोस्रो बढी योगदान रहेको देखिन्छ । उल्लिखित वर्षहरूमा समग्र देश तथा प्रादेशिक आर्थिक वृद्धिको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत छ ।

**तालिका २ : आर्थिक वृद्धिको तुलनात्मक अवस्था**

| प्रदेश/आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ (सं) | २०७७/७८ (प्रा) |
|---|---|---|---|
| नेपाल | ६.७ | -२.१ | ४.० |
| प्रदेश १ | ७.२ | -१.२ | ३.६ |
| मधेस | ८.० | -१.६ | ३.५ |
| बाग्मती | ५.६ | -३.६ | ४.७ |
| गण्डकी | ६.९ | -१.७ | ३.६ |
| लुम्बिनी | ६.९ | -१.८ | ३.९ |
| कर्णाली | ८.४ | ०.७ | ३.६ |
| सुदूरपश्चिम | ६.७ | ०.६ | ३.४ |

(सं-संशोधित प्रारम्भिक, प्रा-प्रारम्भिक)

माथिको तालिकामा देखाइए अनुसार आर्थिक वर्ष २०७५/२०७६ मा प्रदेश १ को आर्थिक वृद्धिदर प्रदेशहरू मध्ये तेस्रो बढी रहेको थियो । आर्थिक वर्ष २०७६/७७ मा पनि प्रदेश १ तेस्रो ठूलो आर्थिक वृद्धि रहेको प्रदेश देखिन्छ यद्यपि सो वर्षको आर्थिक वृद्धि नकारात्मक अर्थात् -१.२ प्रतिशत रहेको थियो । नकारात्मक आर्थिक वृद्धिदर हुनुको प्रमुख कारण अर्थतन्त्रमा कोभिड-१९ र सो का कारण गरिएको बन्दाबन्दी हुनसक्ने देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा आइपुग्दा भने प्रदेश १ को आर्थिक वृद्धिदर सकारात्मक हुनुका साथै गण्डकी र कर्णाली बराबर तथा बाग्मती र लुम्बिनी राष्ट्रिय औसत भन्दा कम रहेको देखिन्छ ।

**तालिका ३ : कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं. १ को हिस्सा (आधारभूत मुल्य)**

| क्षेत्र | २०७५/७६ | २०७६/७७ (सं) | २०७७/७८ (प्रा) |
|---|---|---|---|
| प्राथमिक | २१.१६ | २१.३६ | २१.३७ |
| द्वितीयक | १९.७९ | १९.७४ | १९.८० |
| तृतीयक | १२.१० | १२.५८ | १२.६५ |
| **जम्मा** | **१५.८१** | **१५.८९** | **१५.८१** |

(सं-संशोधित प्रारम्भिक, प्रा-प्रारम्भिक)

माथिको तालिकामा देखाइए अनुसार कुल गार्हस्थ्य उत्पादन अन्तर्गत प्राथमिक क्षेत्रको औसत २१ प्रतिशत, द्वितीयक क्षेत्रको करिब २० प्रतिशत, तृतीयक क्षेत्रको १२ प्रतिशत भन्दा केही बढी हिस्सा प्रदेश नं. १ ले ओगटेको देखिन्छ । अध्ययन अवधिमा कुल गार्हस्थ्य उत्पादनमा यो प्रदेशको योगदान निकै स्थिर रहेको देखिन्छ ।


**तालिका ४ : प्रादेशिक र समग्र अर्थतन्त्रको संरचनाको तुलनात्मक अवस्था (आधारभूत मुल्यमा)**

| क्षेत्र | २०७५/७६ | | २०७६/७७ (सं) | | २०७७/७८ (प्रा) | |
|---|---|---|---|---|---|---|
| | प्रदेश १ | नेपाल | प्रदेश १ | नेपाल | प्रदेश १ | नेपाल |
| प्राथमिक | ३४.२२ | २५.५८ | ३६.०४ | २६.८० | ३५.६८ | २६.४१ |
| द्वितीयक | १७.९८ | १४.३६ | १५.८७ | १२.७८ | १५.६९ | १२.५३ |
| तृतीयक | ४७.८० | ६०.०६ | ४८.०९ | ६०.४२ | ४८.६२ | ६१.०६ |

(सं-संशोधित प्रारम्भिक, प्रा-प्रारम्भिक)

माथिको तालिकामा देखाइए अनुसार पछिल्लो ३ आर्थिक वर्षमा तृतीयक क्षेत्र अर्थात् सेवा क्षेत्रले प्रदेश १ र समग्र मुलुकको अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदान गरिरहेको छ । यसपछि कृषि, खानी लगायतका प्राथमिक क्षेत्र रहेका छन् भने द्वितीयक अर्थात् उद्योग क्षेत्रको योगदान सबैभन्दा कम रहेको छ । प्राथमिक क्षेत्रले प्रदेश १ को अर्थतन्त्रको ३४.२२ देखि ३६.०४ प्रतिशतसम्म योगदान गरेको देखिन्छ । मुलुकको अर्थतन्त्रमा यो

क्षेत्रको योगदान भने २५.५८ प्रतिशतदेखि २६.४१ प्रतिशतसम्म रहेको देखिन्छ । नेपालको औसतभन्दा प्रदेश १ को अर्थतन्त्रको योगदान पनि बढी रहेको देखिन्छ । तृतीयक अर्थात् सेवा क्षेत्रको हिस्सा मुलुकको अर्थतन्त्रमा ६०.०६ प्रतिशतदेखि ६१.०६ प्रतिशत रहेकोमा प्रदेश १ मा भने ४७.८० प्रतिशतदेखि ४८.६२ प्रतिशत रहेको देखिन्छ । प्राथमिक, द्वितीयक र तृतीयक क्षेत्रको तुलनात्मक अवस्था तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




**चित्र १ : क्षेत्रगत आधारमा राष्ट्रिय र प्रादेशिक कुल गार्हस्थ्य उत्पादन संरचना**

कुल गार्हस्थ्य उत्पादनमा प्रदेश १ को हिस्सा अन्तर्गत औद्योगिक वर्गीकरण अनुसारका उपक्षेत्रले पछिल्लो तीन आर्थिक वर्षमा गरेको योगदान तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल ग्राहस्थ्य उत्पादन**

| ISIC | औद्योगिक वर्गीकरण | २०७५/७६ | २०७६/७७ को संशोधित | २०७७/७८ को प्रारम्भिक |
|---|---|---|---|---|
| A | कृषि, वन तथा माछापालन | ३३.७ | ३६ | ३५.२ |
| B | खानी तथा खनिज | ०.६ | ०.५ | ०.५ |
| C | उत्पादनमूलक उद्योग | ८.० | ६.९ | ७.० |
| D | विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलन सम्बन्धी आपूर्ति | १.२ | १.५ | १.५ |
| E | खानेपानी, ढल, फोहोर ब्यवस्थापन तथा सुधार सम्बन्धी क्रियाकलाप | ०.६ | ०.६ | ०.६ |
| F | निर्माण | ८.२ | ६.८ | ६.६ |
| G | खुद्रा तथा थोक–व्यापार र गाडी तथा मोटरसाइकल मर्मत सम्भार | १०.८ | ९.८ | १०.३ |
| H | यातायात तथा भण्डारण | ५.२ | ४.१ | ४.४ |
| I | आवास तथा खाना सेवा | २.१ | १.४ | १.५ |
| J | सूचना तथा सञ्चार | २.३ | २.४ | २.३ |
| K | वित्तीय र विमा सेवा | ३.५ | ३.९ | ३.९ |
| L | घर जग्गा कारोबार | ७.० | ७.३ | ७.५ |
| M | व्यावसायिक, वैज्ञानिक र प्राविधिक सेवा | ०.६ | ०.६ | ०.६ |

| ISIC | औद्योगिक वर्गीकरण | २०७५/७६ | २०७६/७७ को संशोधित | २०७७/७८ को प्रारम्भिक |
|---|---|---|---|---|
| N | प्रशासनिक तथा सहायता सेवा सम्बन्धी क्रियाकलाप | ०.३ | ०.४ | ०.३ |
| O | सार्वजनिक प्रशासन, सुरक्षा र अनिवार्य सामाजिक सुरक्षा | ६.२ | ७.६ | ७.३ |
| P | शिक्षा | ७.४ | ८.२ | ८.० |
| Q | मानव स्वास्थ्य, समाज सेवाका क्रियाकलाप र अन्य सेवा | १.६ | १.९ | १.९ |
| R, S, T, U | कला, मनोरञ्जन तथा मनोविनोद, रोजगारदाताका रूपमा पारिवारिक कार्य, आफ्नै प्रयोगका लागि परिवारले गर्ने बस्तु तथा सेवा उत्पादन | ०.६ | ०.७ | ०.७ |

स्रोत : तथ्याङ्क विभाग, २०७८

तालिका ५ मा प्रस्तुत औद्योगिक वर्गीकरण मापदण्ड अनुसारका आर्थिक उपक्षेत्र मध्ये कृषि वन र माछापालन प्रदेश अर्थतन्त्रको सबैभन्दा ठूलो हिस्सा ओगट्ने उपक्षेत्र रहेको छ । थोक तथा खुद्रा व्यापारले प्रदेश अर्थतन्त्रको दोस्रो ठूलो हिस्सा ओगटेको देखिन्छ । निर्माण, उत्पादनमूलक उद्योग, शिक्षा, घर जग्गा कारोबार तथा सार्वजनिक प्रशासन र अनिवार्य सेवा त्यसपछिका महत्वपूर्ण उपक्षेत्र रहेका छन् ।

आर्थिक वर्ष २०७६/७७ र ७७/७८ मा उत्पादनमूलक उद्योग र निर्माण उद्योगको कुल योगदान आर्थिक वर्ष २०७५/७६ को तुलनामा क्रमशः २.६ र २.६ प्रतिशतले कम भएको देखिन्छ । सो अवधिमा कृषि क्षेत्रको हिस्सा भने वृद्धि भएको देखिन्छ । यसले कोभिड-१९ का कारण कृषि उद्योग क्षेत्रको तुलनामा कृषि क्षेत्र कम प्रभावित भएको देखिन्छ । सो अवधिमा आवास तथा खाना र यातायात क्षेत्रको कुल हिस्सा क्रमशः १.८ र १.४ प्रतिशतले कम भएको देखिन्छ । यसरी पर्यटन क्षेत्र कोभिड-१९ बाट प्रभावित भई यो क्षेत्र करिब २५ प्रतिशत सम्मले सङ्कुचित भएको देखिन्छ ।

## १.२. कृषि क्षेत्र

कुल गार्हस्थ्य उत्पादनको प्रदेश १ को हिस्सामध्ये कृषि क्षेत्रमा विभिन्न उपक्षेत्रको योगदान तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : कृषि तथा पशुपालन क्षेत्रको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा विभिन्न कृषि बस्तुको हिस्सा**

| वर्गीकरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| अन्नबाली | २७.९ | ३०.३ | २९.८ | २९.७ |
| नगदेबाली | ११.७ | ११.३ | ११.१ | ११.० |
| मसला बाली | ५.९ | ६.४ | ७.० | ७.५ |
| दलहन | १.९ | १.८ | १.९ | १.८ |
| फलफूल | ५.२ | ४.८ | ५.२ | ५.२ |
| तरकारी | १४.० | १३.५ | ११.६ | १२.३ |
| पशुपालन | २०.६ | २०.४ | २०.६ | २०.७ |
| वन | ११.६ | १०.१ | १०.६ | ९.८ |
| माछापालन | ०.६ | ०.६ | ०.६ | ०.६ |
| अन्य | ०.७ | ०.७ | १.७ | १.३ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

माथिको तालिकामा देखाइए अनुसार अन्नबालीले कृषि क्षेत्रको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान (२७.९ देखि ३०.३ प्रतिशतसम्म) गरिरहेको उपक्षेत्र हो । यसपछि पशुपालन (२०.४ देखि २०.७ प्रतिशत), तरकारी (११.६ देखि १४ प्रतिशत), नगदेबाली (५.९ देखि ७.५ प्रतिशत) वन (९.८ देखि ११.६ प्रतिशत), मसलाबाली (५.९ देखि ७.५ प्रतिशत) र फलफूल (४.८ देखि ५.२ प्रतिशत) कृषि क्षेत्रका बढी महत्वपूर्ण उत्पादनका रूपमा रहेको देखिन्छ । दलहन र माछापालन उपक्षेत्रको योगदान सबैभन्दा कम रहेको छ । आर्थिक वर्ष २०७६/७७ मा तरकारीको योगदान अघिल्लो आर्थिक वर्षको तुलनामा २ प्रतिशतले कम भएको देखिन्छ । यसबाट तरकारी उत्पादन र बिक्रीमा कोभिड-१९ को नकारात्मक प्रभावका रूपमा लिन सकिन्छ ।

**तालिका ७ : विभिन्न कृषि बस्तुको मुल्य अभिवृद्धि दर (स्थिर मुल्यमा)**

| वर्गीकरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| अन्नबाली | ३.२६ | १६.९१ | ७.६० | ६.५२ |
| नगदेबाली | १२.१७ | ४.६५ | ७.३९ | ५.३९ |
| मसला बाली | ५.९० | १६.८३ | १८.६९ | १४.७० |
| दलहन | ०.९५ | ४.८७ | १२.२६ | ३.५३ |
| फलफूल | १०.११ | ०.४० | १७.७० | ७.८७ |
| तरकारी | ९.३९ | ३.७४ | (५.५५) | १२.६८ |
| पशुपालन | १२.५८ | ६.७६ | १०.९७ | ७.१० |
| वन | ९.२२ | (६.४८) | १५.३० | (२.०३) |
| माछापालन | ५.५६ | १०.३१ | १९.०८ | ७.२० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

माथिको तालिकामा देखाइए अनुसार कृषि बस्तुको मुल्य अभिवृद्धि दरमा असमानता रहेको देखिन्छ । मसलाबालीको मुल्य अभिवृद्धि दर हरेक आर्थिक वर्षमा सकारात्मक र उच्च रहेको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा मसलाबालीको मुल्य अभिवृद्धि दर १८.६९ प्रतिशतसम्म पुगेको देखिन्छ । फलफूलको मुल्य अभिवृद्धि दरमा निकै उतार चढाव देखिएको भए पनि १७.७० प्रतिशतसम्मको मुल्य अभिवृद्धि दरका आधारमा फलफूल पनि प्रदेश १ को सम्भाव्य कृषि बाली हुनसक्ने देखिन्छ । अन्नबाली, नगदेबाली र दलहनको पनि सकारात्मक आर्थिक वृद्धिदर देखिएको छ । पशुपालन क्षेत्रको वृद्धिदर अन्य सङ्कलनको तुलनामा स्थिर (६.७६ देखि १२.५८ प्रतिशत) देखिएको छ भने पछिल्लो चार आर्थिक वर्षमा यो सङ्कलनको नकारात्मक आर्थिक वृद्धि देखिएको छैन । आर्थिक वर्ष २०७७/७८ को आँकडा अनुसार तरकारी र मसलाबालीको अन्य क्षेत्रको तुलनामा बढी सम्भावना देखिएको छ ।

**तालिका ८ : उत्पादनमूलक उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादन संरचना**

| औद्योगिक वर्गीकरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| खाद्य बस्तु उत्पादन | २२.९ | २३.१ | २७.१ | २८.७ |
| मदिरा तथा सुर्तीजन्य उत्पादन | ३.७ | ४.० | ३.९ | ३.९ |
| कपडा उत्पादन | १२.३ | १३.२ | १२.१ | १३.२ |
| तयारी पोशाक | ३.० | २.५ | २.४ | २.४ |
| छाता तथा सम्बन्धित अन्य उत्पादन | १.२ | १.१ | १.१ | १.१ |
| फर्निचर बाहेक काठका उत्पादन तथा भुवा वा अन्य सामग्री | ४.० | ३.७ | ३.६ | ३.६ |
| कागज तथा कागजका सामाग्री उत्पादन र सङ्ग्रहित माध्यमको छपाई तथा पुनरूत्पादन | १.५ | १.५ | १.४ | १.५ |

| औद्योगिक वर्गीकरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| पेट्रोलियम पदार्थ तथा औषधी लगायतका रासायनिक पदार्थका उत्पादन | ४.३ | ४.२ | ४.० | ३.९ |
| रबर तथा प्लास्टिकका उत्पादन | ८.५ | ८.८ | ८.३ | ७.५ |
| अन्य गैरधातु खनिजमा आधारित उत्पादन | ५.५ | ५.६ | ५.३ | ५.० |
| आधारभूत धातु उत्पादन | २.२ | २.२ | १.८ | १.८ |
| औजार तथा उपकरण बाहेक धातुमा आधारित उत्पादन | १६.३ | १५.८ | १४.८ | १३.२ |
| विद्युतीय सामग्री उत्पादन | २.६ | २.६ | २.६ | २.४ |
| फर्निचर | २.२ | २.० | २.० | १.९ |
| अन्य उत्पादन | ९.७ | ९.८ | ९.७ | ९.९ |
| **कुल जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

उत्पादनमूलक उद्योगको कुल गार्हस्थ्य उत्पादनको प्रादेशिक हिस्सामा खाद्य बस्तुको प्रशोधनले सबैभन्दा बढी (२२.९ देखि २८.७ प्रतिशतसम्म) योगदान गरेको देखिन्छ । यो उपक्षेत्रको हिस्सा प्रत्येक वर्ष बढिरहेको छ । धातुमा आधारित उत्पादन, कपडाजन्य उत्पादन तथा रबर र प्लास्टिक अन्य प्रमुख उत्पादनका रूपमा देखिएका छन् ।

**तालिका ९ : विभिन्न उत्पादनमूलक उद्योगको मुल्य अभिवृद्धि दर (स्थिर मुल्यमा)**

| औद्योगिक वर्गीकरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| खाद्य बस्तु उत्पादन | १५.० | ६.३ | ४.४ | ९.२ |
| मदिरा तथा सुर्तीजन्य उत्पादन | १५.८ | १२.९ | ९१७.५ | २.९ |
| कपडा उत्पादन | ९५.० | १३.२ | ९१२.९ | १६.२ |
| तयारी पोशाक | ३.७ | ९३.२ | ९१५.८ | ६.३ |
| छाता तथा सम्बन्धित अन्य उत्पादन | १७.८ | ९०.७ | ९१४.७ | २.२ |
| फर्निचर बाहेक काठका उत्पादन तथा भुवा वा अन्य सामग्री | १८.० | ९२.२ | ९१४.४ | ०.० |
| कागज तथा कागजका सामग्री उत्पादन, छपाई तथा पुनर्उत्पादन | २३.४ | ६.७ | ९९.५ | ३.३ |
| पेट्रोलियम पदार्थ तथा औषधी लगायतका रासायनिक पदार्थका उत्पादन | २१.८ | ७.९ | ९१२.७ | ०.४ |
| रबर तथा प्लास्टिकका उत्पादन | २१.१ | ९.६ | ९१४.३ | ९४.० |
| अन्य गैरधातु खनिजमा आधारित उत्पादन | १३.८ | १३.१ | ९४.० | ४.३ |
| आधारभूत धातु उत्पादन | ३.९ | ५.५ | ९२०.० | ०.५ |
| औजार तथा उपकरण बाहेक धातुमा आधारित उत्पादन | १.७ | ०.७ | ९१४.६ | ९६.५ |
| विद्युतीय सामग्री उत्पादन | ८.१ | ९३.४ | ९५.८ | ९८.८ |
| फर्निचर | १.६ | ९६.२ | ९८.५ | ९०.९ |
| अन्य उत्पादन | १०.९ | ६.७ | ९९.१ | २.९ |
| **कुल जम्मा** | **९.४** | **६.१** | **९९.१** | **३.५** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

उत्पादलनमूलक उद्योग क्षेत्रमा आर्थिक उत्तारचढाव रहेको माथिको तालिकामा देखिन्छ । आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ मा खाद्य प्रशोधन बाहेक अन्य सबै क्षेत्रको मुल्य अभिवृद्धि दर नकारात्मक रहेको देखिन्छ । कोभिड-१९ को महामारी रहेको आ.व. २०७६/७७ मा सबैजसो उत्पादनमूलक उद्योगले नकारात्मक

वृद्धिदरको सामना गर्नु परेको देखिन्छ । सो आर्थिक वर्षमा उत्पादनमूलक उद्योग क्षेत्र ९.१ प्रतिशतले सङ्कुचित भएको देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा खाद्य प्रशोधन, टेक्स्टाइल र तयारी पोशाक उद्योग लाभदायक हुन आएको देखिन्छ ।

## १.३. सेवा क्षेत्र

**तालिका १० : सेवा क्षेत्रको कुल गार्हस्थ्य उत्पादन संरचना**

| औद्योगिक वर्गीकरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| **थोक तथा खुद्रा ब्यापार, गाडी र मोटरसाइकल मर्मत** | **२१.७१** | **२२.५६** | **२०.३९** | **२१.११** |
| कृषि सामाग्रीको व्यापार | ७.१३ | ६.९८ | ७.२५ | ७.५१ |
| औद्योगिक उत्पादनको व्यापार | २.५५ | २.६३ | २.२३ | २.३१ |
| आयातीत बस्तुको व्यापार | ११.९० | १२.८१ | १०.७७ | ११.१५ |
| सवारी साधनको मर्मत तथा सहायक सामग्री | ०.२० | ०.१९ | ०.२२ | ०.२२ |
| **यातायात तथा भण्डारण** | **११.०६** | **१०.८६** | **८.६३** | **८.९८** |
| सडक यातायात | ९.९५ | ९.७५ | ७.७६ | ८.०७ |
| हवाई यातायात | ०.८८ | ०.८९ | ०.६७ | ०.७० |
| अन्य यातायात | ०.०९ | ०.०८ | ०.०७ | ०.०७ |
| गोदाम, भण्डारण, हुलाक तथा कुरियर क्रियाकलाप | ०.१४ | ०.१४ | ०.१३ | ०.१४ |
| **आवास तथा खाना सेवा सम्वन्धी क्रियाकलाप** | **४.५०** | **४.४५** | **२.८३** | **३.०१** |
| आवास | २.३४ | २.२२ | १.४२ | १.५१ |
| खाना तथा पेय | २.१६ | २.२३ | १.४१ | १.५० |
| **सूचना तथा सञ्चार** | **५.००** | **४.९१** | **४.८९** | **४.७२** |
| प्रकाशन सम्बन्धी क्रियाकलाप | १.०७ | १.०५ | १.०५ | १.०२ |
| दूर सञ्चार | ३.३८ | ३.२७ | ३.२४ | ३.१३ |
| अन्य | ०.५५ | ०.५९ | ०.६० | ०.५८ |
| **वित्तीय तथा विमा सम्बन्धी क्रियाकलाप** | **७.४७** | **७.३८** | **८.०६** | **८.१०** |
| सबै वित्तीय संस्था (राष्ट्र बैंक लगायत) | ४.६५ | ४.८६ | ४.८३ | ४.८६ |
| बीमा (जीवन र निर्जीवन) | ०.९८ | ०.८४ | १.०६ | १.०७ |
| अन्य | १.८४ | १.६७ | २.१६ | २.१८ |
| **घर जग्गा, भाडा तथा व्यावसायिक क्रियाकलाप** | **१.२३** | **१.२२** | **१.२६** | **१.३१** |
| घर जग्गा कारोबार | ०.०० | ०.०० | ०.०० | ०.०० |
| घरधनीले प्रयोग गरेका भवन | १.२३ | १.२२ | १.२६ | १.३१ |
| **व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप** | **१.२२** | **१.२३** | **१.२२** | **१.२६** |
| **प्रशासनिक तथा सहायता सेवा सम्वन्धी क्रियाकलाप** | **०.७२** | **०.७२** | **०.७३** | **०.७०** |
| **सार्वजनिक प्रशासन र सुरक्षा** | **१३.००** | **१२.९९** | **१५.७०** | **१५.०३** |
| **शिक्षा** | **१५.९९** | **१५.५८** | **१७.०८** | **१६.३७** |
| सार्वजनिक शिक्षा | ६.३९ | ५.८५ | ६.२७ | ६.४२ |
| निजी क्षेत्र शिक्षा | ९.६० | ९.७३ | १०.८१ | ९.९५ |
| **स्वास्थ्य** | **३.३७** | **३.३९** | **३.९३** | **३.८७** |
| सरकारी स्वास्थ्य क्षेत्र | १.९१ | १.९२ | २.२४ | २.२१ |
| निजी स्वास्थ्य क्षेत्र | १.४६ | १.४७ | १.६९ | १.६६ |
| **कला, मनोरञ्जन, मनोविनोद र अन्य** | **१.२६** | **१.२५** | **१.४३** | **१.४१** |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

माथिको तालिकामा देखाइए अनुसार थोक तथा खुद्रा व्यापार र सवारी साधनको मर्मत सम्भारले सेवा क्षेत्रतर्फको कुल गार्हस्थ्य उत्पादनको सबैभन्दा ठूलो हिस्सा (२०.३९ देखि २१.७१ प्रतिशत) ओगटेको देखिन्छ । शिक्षा त्यसपछिको दोस्रो ठूलो सेवा क्षेत्रका रूपमा रहेको छ । सार्वजनिक प्रशासन र सुरक्षा र यातायात त्यसपछिका महत्वपूर्ण क्षेत्र रहेका छन् । यातायात र आवास तथा खाना सेवाको समग्र उत्पादनलाई हेर्दा पर्यटन क्षेत्रले सेवा क्षेत्रको १३ देखि १५ प्रतिशत सम्म सेवा क्षेत्रको हिस्सा ओगटेको देखिन्छ ।

**तालिका ११ : विभिन्न सेवा क्षेत्रको मुल्य अभिवृद्धि दर (स्थिर मुल्यमा)**

| औद्योगिक वर्गीकरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| थोक तथा खुद्रा ब्यापार, गाडी र मोटरसाइकल मर्मत | २०.९३ | १९.७७ | (११.०४) | ५.३० |
| यातायात तथा भण्डारण | ३.७८ | ६.२६ | (१२.४३) | ३.६७ |
| आवास तथा खाना सेवा सम्बन्धी क्रियाकलाप | ११.९५ | ८.३४ | (३८.१६) | १२.८१ |
| सूचना तथा सञ्चार | ३.७८ | ६.२६ | २.५१ | ०.७२ |
| वित्तीय तथा विमा सम्बन्धी क्रियाकलाप | ९.४७ | ८.७३ | ५.६६ | ४.५६ |
| यातायात तथा भण्डारण | ४.९० | ३.१२ | १.५६ | २.७२ |
| घर जग्गा, भाडा तथा व्यावसायिक क्रियालाप | ६.५३ | ५.६० | १.६८ | १.१२ |
| व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ६.५३ | ५.६० | (१.०३) | २.१४ |
| प्रशासनिक तथा सहायता सेवा सम्वन्धी क्रियाकलाप | ५.९६ | ५.१८ | ५.९८ | ३.४९ |
| सार्वजनिक प्रशासन र सुरक्षा | ४.८४ | ५.७७ | ३.२७ | ३.६० |
| शिक्षा | ६.५८ | ४.९५ | ५.५३ | ६.४० |
| स्वास्थ्य | ६.५३ | ५.६० | २.३२ | २.९५ |
| कला, मनोरञ्जन, मनोविनोद र अन्य | २०.९३ | १९.७७ | (११.०४) | ५.३० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८

माथिको तालिकमा देखाइए अनुसार थोक तथा खुद्रा व्यापार, आवास तथा खाना सेवा, वित्तीय क्षेत्र र कला संस्कृति र मनोरञ्जन क्षेत्रले कोभिड अघिका वर्षमा दोहोरो अङ्कको मुल्य अभिवृद्धि दर हाँसिल गरेको देखिन्छ । जसमध्ये यातायात, आवास तथा खाना सम्बन्धी क्रियाकलाप, थोक तथा खुद्रा व्यापार र कला मनोरञ्जन र मनोविनोदका क्रियाकलाप जस्ता सेवा कोभिड-१९ का कारण दोहोरो अङ्कले सङ्कुचित भएको देखिन्छ । यद्यपि सबै क्षेत्रले त्यसपछिका आर्थिक वर्षमा सकारात्मक वृद्धिदर हाँसिल गरेको देखिन्छ ।

## २. गरिबी र रोजगारीको अवस्था

आर्थिक सर्वेक्षण २०७६/७६ अनुसार प्रदेश १ सातवटै प्रदेशमध्ये सबैभन्दा कम आय गरिबी रहेको देखिन्छ । प्रदेशको १२.४% जनसख्या गरिबीको रेखामुनी रहेकोमा राष्ट्रिय औसत १८.७ प्रतिशत भन्दा कम देखिन्छ । बहुआयामिक गरिबी अन्य बाग्मती (१२.४%), गण्डकी (१४.२%) भन्दा प्रदेश १ (१९.७%) मा बढी रहेको देखिन्छ । राष्ट्रिय औसत (२८.६%) भन्दा भने प्रदेश १ को बहुआयामिक गरिबी कम रहेको छ ।

प्रदेश १ मा श्रम सहभागिता दर ३७.८% रहेको छ । जुन राष्ट्रिय औसत (३८.५४%) भन्दा केही कम देखिन्छ । त्यस अनुसार प्रदेश १ मा ७४.४४ प्रतिशत महिला श्रम सहभागिता भन्दा बाहिर छन् । यो राष्ट्रिय औसत (७३.६८%) को तुलनामा थोरै बढी हो । प्रदेश १ मा बेरोजगारी दर (१०.१९%) रहेको छ जुन राष्ट्रिय औसत (११.३४%) भन्दा कम हो । महिला जनसङ्ख्याको बेरोजगारी दर (११.८०%) पुरुष जनसङ्ख्या बेरोजगारी दर (९.२४%) रहेको छ । सङ्कलनको बेरोजगारी दर राष्ट्रिय औसत १३.०४% को तुलनामा प्रदेश १ मा कम छ । कृषितर्फ औपचारिक रोजगारीले प्रदेश १ को कुल औपचारिक क्षेत्रको ४.७४% मात्र ओगटेको छ । यो दर राष्ट्रिय औसत ३.३६% भन्दा बढी हो ।

## ३. उद्योग व्यवसाय र संलग्न जनसङ्ख्या

केन्द्रीय तथ्याङ्क विभागले गरेको आर्थिक गणना, २०७६ अनुसार प्रदेशमा १ लाख ६८ हजार ३ शय ६१ वटा व्यावसायिक प्रतिष्ठानहरू रहेका छन् । जसमा ४ हजार ४ शय ६ कृषि, १९ हजार २ शय २३ उत्पादनमूलक र १ लाख ४४ हजार ७ शय ३२ सेवा क्षेत्रका उद्योग व्यवसाय रहेका छन् । उद्योग व्यवसाय सङ्ख्या झापामा सबैभन्दा बढी छ भने मोरङ र सुनसरी त्यसपछि रहेका छन् । प्रदेश १ का कुल व्यावसायिक प्रतिष्ठान मध्ये सेवा क्षेत्रमा मात्र ८६% रहेको छ भने उत्पादन क्षेत्रमा ११ प्रतिशत रहेको छ । सेवा क्षेत्रको कुल स्थापित सङ्ख्यामा पर्यटन क्षेत्रका उद्यमहरूको १५ प्रतिशत हिस्सा रहेको छ । तराई क्षेत्रमा व्यापारिक प्रतिष्ठानहरू अत्याधिक केन्द्रित रहेका छन् । प्रदेशका अन्य भागहरूमा राजमार्ग र विमानस्थलहरू उपलब्ध हुँदाहुँदै पनि सीमित सङ्ख्यामा प्रतिष्ठानहरू रहेका छन् ।

प्रदेशमा २४ हजार ९ शय पर्यटन उद्यम व्यवसायले ५६ हजार ७ शय ८२ जनालाई रोजगारी दिएको छ । पर्यटन क्षेत्रबाट रोजगारी सिर्जनाको हिसाबले प्रदेश १ बाग्मती प्रदेशको तुलनामा दोस्रो स्थानमा रहेको छ । सोलुखुम्बु जिल्लामा छोटो अवधिको आवास सेवा प्रदान गर्ने सबैभन्दा बढी छन् । मोरङ, सुनसरी र झापा रेष्टुरेन्ट, घुम्ती खाना सेवा र पेय सेवा सम्बन्धी प्रतिष्ठान सङ्ख्याको आधारमा शीर्ष तीन जिल्लाहरूमा पर्दछन् ।

प्रदेश १ मा २० हजार ४ शय ९ जना व्यक्तिको संलग्नतामा कृषि क्षेत्रमा ४ हजार ४ शय ६ व्यवसायिक प्रतिष्ठान रहेका छन् । उत्पादनमूलक उद्योग र सेवा क्षेत्रका उद्योग व्यवसाय झापा, मोरङ केन्द्रित रहेको भए पनि कृषि उद्यम भने कुनै क्षेत्रमा केन्द्रित छैनन् । उदयपुर सबैभन्दा बढी कृषिमा आधारित व्यवसाय रहेको देखिन्छ ।

सबैभन्दा धेरै उत्पादनमूलक उद्योग (६१.४%) झापा, मोरङ र सुनसरीमा केन्द्रित छन् । इलाम र उदयपुरमा पनि प्रत्येक जिल्लाबाट ६% शेयर भएका उत्पादन उद्योगहरूको सङ्ख्या छ । सङ्ख्याको हिसाबले बाग्मती प्रदेशपछि दोस्रो ठूलो सङ्ख्या (१८.६%) मा उत्पादन उद्योग प्रदेश १ मा रहेका छन् । उत्पादनमूलक उद्योगले प्रदेशमा ९९ हजार १ शय ३९ जनालाई रोजगारी दिइरहेको आर्थिक गणना, २०७६ मा उल्लेख छ ।

प्रदेशमा सञ्चालनमा रहेका उद्योग मध्ये नेपाल गुणस्तर मापदण्ड प्रमाणित उद्योगहरू ४५ वटा छन् । यसमा १० सिमेन्ट उद्योग, ९ वटा तार उद्योग र ८ वटा पाइप उद्योग र ४ वटा खाने तेल सम्बन्धी उद्योग रहेका छन् । बाँकी अन्य उद्योग छन् । आर्थिक वर्ष २०७७/७८ सम्म उद्योग विभागमा दर्ता भएका ८ हजार ४ शय ५४ उद्योग मध्ये प्रदेश १ मा ८ शय ८ उद्योग रहेको देखिन्छ ।

## ४. आयात र निर्यात

मकै, चामल र गहुँजस्ता अन्नले नेपालको समग्र आयातमा महत्वपूर्ण हिस्सा ओगटेको देखिन्छ । आ.व. २०७७/७८ मा नेपालमा आयात हुने शीर्ष १०० बस्तुमा १८ वटा कृषि उत्पादन रहेका छन् । त्यसैले आयात प्रतिस्थापनका लागि कृषि बस्तुको आन्तरिक उत्पादन बढाउनु आवश्यक देखिएको छ । अन्नबालीतर्फ धान, मकै, गहुँ र कोदो तथा दलहन, जुट आदिको उत्पादनमार्फत् बाली र जुट उत्पादन प्रदेश १ को प्राथमिकतामा पर्न सक्छ । नेपालबाट विदेश निर्यात हुने अलैची, चिया, जुटको झोला आदि प्रदेश १ मा उत्पादन हुने गरेको छ । यसको निरन्तरता र वृद्धिले निर्यात प्रवर्द्धन र व्यापार घाटा न्यूनिकरणमा योगदान गर्नसक्छ ।

विराटनगर भन्सारबाट मूलतः औद्योगिक कच्चा पदार्थ आयात हुन्छ । आर्थिक वर्ष २०७७/७८ मा तथ्याङ्कले मौद्रिक मुल्यका हिसाबले विराटनगर भन्सार बिन्दुबाट आयात हुने शीर्ष २० बस्तुमध्ये कम्तीमा १५ वटा औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने बस्तुहरू समावेश भएको देखिन्छ । कच्चा भटमासको तेल, कच्चा सूर्यमुखी तेल, तोरीको दाना आदि कृषिमा आधारित औद्योगिक कच्चा पदार्थ हुन् । जसको उत्पादन प्रदेशको प्राथमिकता हुनसक्छ ।

विराटनगरबाट निकासी हुने प्रमुख बस्तुहरूमा प्रशोधित वा अर्धप्रशोधित बस्तुहरू छन् । ती मध्ये धेरै जसो औद्योगिक उत्पादन आयातीत कच्चा पदार्थमा आधारित छन् भने कृषि र वनमा आधारित उत्पादन पनि केही मात्रामा निर्यात भएको देखिन्छ । हस्त निर्मित जुटका कपडा, झोला र बोरा, जुट र अन्य फाइवर तथा तरकारीमा आधारित औद्योगिक उत्पादन विराटनगर भन्सार बिन्दुबाट निर्यात हुने गरेको देखिन्छ ।

विभिन्न भन्सार बिन्दुबाट हुने निकासी र पैठारीको तुलनात्मक अवस्था अनुसार नेपालबाट हुने कुल निकासीमा सबैभन्दा बढी हिस्सा प्रदेश १ मा रहेका भन्सार बिन्दुले ओगट्ने गरेको देखिन्छ । यसले प्रदेश १ को निर्यात प्रतिस्पर्धी क्षमता देखाउँछ । विराटनगर र मेची भन्सार बिन्दुले आ.व. २०७६/७७ को कुल राष्ट्रिय निकासीको ४१.७१ प्रतिशत हिस्सा ओगटेको देखिन्छ भने यी दुई भन्सार बिन्दुबाट हुने आयात कुल राष्ट्रिय आयातको १३.७६ प्रतिशत मात्र रहेको देखिन्छ । मेची भन्सार अलैंची र चिया निर्यातको प्रमुख बिन्दु हो ।

**तालिका १२ : मेची र बिराटनगर भन्सारबाट हुने कुल वार्षिक निर्यात (रू. १० लाखमा)**

| उत्पादन | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | औसत |
|---|---|---|---|---|---|---|
| अलैंची | ३८६७ | ४८३३ | ४२६७ | ४०१० | ६८९५।४ | ४७७४ |
| भटमासको तेल | ० | ० | ८०६ | ४२४८ | १५६७३।१ | ४१४५ |
| कालो चिया (फर्मेन्टेड) | २२७४ | २९८१ | २९८१ | २५४९ | ३४९८।७ | २८५७ |
| हातले बुनेको कपडा र धागो | १९३४ | २३२३ | २७४० | २८३९ | ३६८८।५ | २७०५ |
| पाल्म तेल | ० | ० | ४३४८ | ६६७३ | ०।४ | २२०४ |
| जुटको झोला र बोरा | १६४९ | २०९७ | २७५३ | २११० | २२९७।९ | २१८१ |
| तानबाट उत्पादित फाइब्रिक | १७५७ | १८३८ | २१२९ | १९४७ | २०६२।८ | १९४७ |
| धागो (पोलिस्टर) | १४८५ | १६६६ | १५६४ | १४५६ | १०८७।८ | १४५२ |
| सिन्थेटिक फाइबर धागो | ९७५ | ९९४ | १४९० | ९९२ | २५०९।७ | १३९२ |
| मल्टीपल फोल्डेड धागोको गुत्था | ११२९ | १३५६ | १७७६ | १४६८ | १२२०।५ | १३९० |
| फलामको तार (प्लेट वा क्वाइल) | १६५१ | १९३१ | २१३८ | ६१६ | ३२२।२ | १३३२ |
| फलाम वा शुद्ध धातुमा आधारित उत्पादन | ७२८ | १७१३ | १८६९ | ५६२ | ३११।५ | १०३७ |
| तेलको प्याकेट र सम्बन्धित बस्तु | ७९६ | ८६५ | ८७५ | ७३४ | ८८८।१ | ८३२ |
| मुसुरो दाल | ३७४ | ९६७ | १२३४ | ९१३ | ५०७।४ | ७९९ |
| ब्रास प्लेट, सिट र तारको क्वाइल | ७८४ | ८५० | ९३४ | ४७७ | ४४२।९ | ६९८ |
| फलामका फ्ल्याट वा रोल गरिएका उत्पादन | ९९५ | ८१६ | ८३१ | ३८१ | २८२।६ | ६६१ |
| काँचो पास्ता | ६७२ | ४४६ | ३५८ | ३२५ | ४३३।१ | ४४७ |
| अम्रीस्व | २१७ | ५३ | ४०६ | ५५७ | ६५८।८ | ३७८ |
| जुटको डोरी वा धागो | ० | ५३४ | २४४ | ३४७ | ४६३ | ३१८ |

माथिको तालिकामा देखाइए अनुसार प्रदेश १ का प्रमुख २ भन्सार बिन्दुबाट निर्यात हुने बस्तुमा कृषि वा कृषिमा आधारित औद्योगिक उत्पादनको बाहुल्यता रहेको देखिन्छ । प्रदेशभित्रै उत्पादन हुने अलैंची, चिया, जुटको धागो, बोरा, झोला आदि, दाल, अमीस्व जस्ता आधारभूत तहको प्रशोधन वा मुल्य अभिवृद्धि भएका बस्तु रहेका छन् । भटमासको तेल, पाल्म तेल र तेलका प्याकेट (सूर्यमुखी लगायत) का कृषिमा आधारित उत्पादन पनि शीर्ष निर्यातमा रहेका छन् । यसमध्ये तोरीको तेल बाहेक अन्य उत्पादनको स्वदेशी स्रोतको कच्चा पदार्थ रहेको पाइँदैन । यसले निर्यात भइरहेका कृषि र औद्योगिक बस्तुका कच्चा पदार्थको लाभदायक परिमाणमा उत्पादन गर्ने तथा भटमास र सूर्यमुखी तेल आदिका कच्चा पदार्थ प्रदेशभित्रै उत्पादन गर्ने विकल्पमा ध्यान दिनुपर्ने पनि देखिन्छ ।

## ५. आर्थिक वृद्धि सम्भाव्य बस्तु तथा सेवा

यसरी विभिन्न पक्षको विश्लेषणबाट प्रदेशको आर्थिक वृद्धिमा निम्न बस्तु तथा सेवाले तुलनात्मक रूपमा बढी योगदान गर्न सक्ने देखिएको छ ।

**कृषि क्षेत्रका आर्थिक वृद्धि सम्भाव्य उत्पादनहरूः**

१. अन्नबाली (धान, मकै, गहुँ र कोदो)
२. मसलाबाली (अलैंची र अदुवा)
३. नगदेबाली (आलु)
४. तरकारी (बन्दा, गोल काउली लगायत)
५. फलफूल (सुन्तला र अमिलो जातका फलफूल)

**उद्योग क्षेत्रका आर्थिक वृद्धि सम्भाव्य उत्पादनहरूः**

१. उत्पादनमूलक उद्योग (कृषि उत्पादनको प्रशोधन र टेक्स्टाइल)

**सेवा क्षेत्रका आर्थिक वृद्धि सम्भाव्य उत्पादनहरू**

१. पर्यटन (खाना तथा आवास सेवा र यातायात)
२. कृषि उत्पादनको थोक तथा खुद्रा व्यापार

प्रदेश १ मा विभिन्न चरणमा भएका अन्तरक्रिया, जानिफकार अन्तर्वार्ता तथा केन्द्रित सङ्कलन छलफलका क्रममा कुल गार्हस्थ्य उत्पादनमा न्यून योगदान भएका भए पनि प्रदेशका कफी, एभोकाडो, ड्रागन फ्रुट्स, किबी, सुपारी जस्ता कृषि उत्पादनलाई स्थानीय र प्रादेशिक प्राथमिकतामा राख्नुपर्ने सुझाव व्यक्त भएका छन् । त्यसैगरी पछिल्लो समय विरालो र कुकुरको आहाराका रूपमा निर्यात भइरहेको छुर्पीको बजार विस्तार र विभिदिकरण गर्नसकिने तथा कोदोको मदिराको औधोगिक उत्पादन गर्न सकिने विकल्प उद्योग क्षेत्रका सम्भाव्य विकल्पका रूपमा सुझाईका छ । यसलाई ध्यान दिई प्रदेश सरकारले थप अध्ययन गर्नुपर्ने देखिन्छ ।

## ६. आर्थिक वृद्धि सम्भाव्य क्षेत्रको अवधारणा

माथि उल्लिखित कृषि र गैरकृषि क्षेत्रका उत्पादनमा आधारित तुलनात्मक लाभ हुनसक्ने फरक फरक भेग रहेका छन् । ती क्षेत्रका स्थानीय तहहरूले प्रतिस्पर्धात्मक लाभ भएका बस्तु तथा सेवामा केन्द्रित रहेर साझा आर्थिक नीति तथा कार्यक्रम अघि बढाउन सकेमा अतिरिक्त आर्थिक वृद्धि हाँसील हुनसक्छ । यसैलाई दृष्टिगत विभिन्न उत्पादनमा आधारित रहेर प्रदेश १ विभिन्न भेगमा विकास गर्न सकिने आर्थिक वृद्धि सम्भाव्य क्षेत्र पहिचान गरिएको छ । पहिचानका लागि निम्न विधि अवलवन गरिएको थियो ।

- प्राथमिक र द्वितियक तथ्याङ्कका आधारमा प्रदेश १ को आर्थिक बृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने कृषि, उत्पादनमुलक उद्योग तथा सेवा क्षेत्रका प्रमूख बस्तु तथा सेवा पहिचान ।
- पहिचान भएका बस्तु तथा सेवा उत्पादन वा प्रवाह भइरहेका वा हुनसक्ने केन्द्र र आसपासका भेगको समग्र सूची तयारी ।
- सम्बन्धित सूचीमा रहेका क्षेत्रहरू मध्येबाट सम्वन्धित क्षेत्रका सरोकारवाहरूका विच सम्बाद र संलग्नताको सुरुवातका लागि सीमित संख्याका सम्भाव्य क्लष्टर छनौट ।

द्वितीयक तथ्याङ्क अध्ययन, विभिन्न तहमा निश्चित बस्तु तथा सेवामा आधारित रहेर गरिएका समुह केन्द्रित छलफल, जानिफिकर अन्तवार्ता, सरोकारवाला परामर्श र विशेषज्ञ परामर्शका साथै आर्थिक, सामाजिक, भौगोलिक लगायत गुणात्मक सूचकहरूको थप मूल्याङ्कनबाट अलैंची, दुग्ध, खाद्य प्रशोधन उद्योगबाट १६ प्रमुख आर्थिक वृद्धि सम्भाव्य क्षेत्रहरू पहिचान र नक्साङ्कन गरिएको छ ।

| क्षेत्र | बस्तु | आर्थिक वृद्धि सम्भाव्य क्षेत्र | स्थानीय तहहरू |
|---|---|---|---|
| कृषि | अलैची | ताप्लेजुङ | फक्ताङलुङ गाउँपालिका, मैवाखोला गाउँपालिका, मिक्वाखोला गाउँपालिका, फुङलिङ नगरपालिका, मेरिङदेन गाउँपालिका र सिरीजङ्घा गाउँपालिका |
| | | पाँचथर | फालेलुङ गाउँपालिका, फिदिम नगरपालिका, याङवरक गाउँपालिका, हिलिहाङ गाउँपालिका |
| | | इलाम | सन्दकपुर गाउँपालिका, देउमाई नगरपालिका, माईजोगमाई गाउँपालिका, सूर्योदय नगरपालिका |
| | | संखुवासभा | भोटखोला गाउँपालिका, सभापोखरी गाउँपालिका, मकालु गाउँपालिका, सिलीचोङ गाउँपालिका, चिचिला गाउँपालिका |
| | डेरी | मोरङ | बेलबारी नगरपालिका, सुन्दरहरैचा नगरपलिका, उर्लाबारी नगरपालिका, ग्रामथान गाउँपालिका, केराबारी गाउँपालिका, रंगेली नगरपलिका, सुनवर्षि नगरपालिका |
| | | सुनसरी | बराहक्षेत्र नगरपालिका, इटहरी उपमहानगरपालिका, दुहबी नगरपालिका, धरान उपमहानगरपालिका, इनरूवा नगरपालिका, देवानगञ्ज गाउँपालिका, कोशी गाउँपालिका |
| | | झापा | अर्जुनधारा नगरपालिका, मेचीनगर नगरपालिका, बुद्धशान्ति गाउँपालिका |
| | | इलाम | सूर्योदय नगरपालिका, रोङ गाउँपालिका |






| क्षेत्र | बस्तु | आर्थिक वृद्धि सम्भाव्य क्षेत्र | स्थानीय तहहरू |
|---|---|---|---|
| उत्पादनमुलक उद्योग | खाद्य प्रशोधन उद्योग | मोरङ, सुनसरी | विराटनगर महानगरपालिका, बुढीगंगा गाउँपालिका, कटहरी गाउँपालिका, दुहबी नगरपालिका, इटहरी उपमहानगरपालिका |
| | | झापा | बिर्तामोड नगरपालिका, भद्रपुर नगरपालिका |



| क्षेत्र | बस्तु | आर्थिक वृद्धि सम्भाव्य क्षेत्र | स्थानीय तहहरू |
|---|---|---|---|
| सेवा | पर्यटन | तिनजुरे, मिल्के, जलजले (TMJ) | मेन्छयायेम गाउँपालिका, लालिगुराँस नगरपालिका, मैवाखोला गाउँपालिका, धर्मदेवी नगरपालिका, मादी नगरपालिका, चैनपुर नगरपालिका |
| | | कोशी टप्पु-बराहक्षेत्र | कोशी गाउँपालिका, बराहक्षेत्र नगरपालिका |
| | | धरान-भेडेटार | धरान उपमहानगरपालिका, साँगुरीगढी गाउँपालिका |
| | | इलाम | इलाम नगरपालिका, रोङ गाउँपालिका, सूर्योदय नगरपालिका |
| | | सगरमाथा-खुम्बु | खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुदुधकुण्ड नगरपालिका |
| | | कञ्चनजङ्घा-पाथीभरा | फक्ताङलुङ गाउँपालिका, फुङलिङ नगरपालिका |




अध्ययनको सीमाका कारण सीमित क्लष्टर मात्र पहिचान गरिएको भएपनि प्रदेश १ का आर्थिक सम्भाव्य अन्य बस्तु तथा सेवामा आधारित रहेर थप क्लष्टर पहिचान गरी सहकार्य प्रवर्द्धनका लागि प्रदेश सरकारले सहजीकरण गर्नु उपयुक्त हुन्छ ।

पहिचान गरिएका क्लष्टरहरू मध्ये मोरङ-सुनसरी क्लष्टमा २, इलाममा १, तेह्रथुममा १ र ताप्लेजुङमा १ गरी जम्मा पाँचवटा अन्तरक्रिया सञ्चलान गरिएको थियो । सो क्रममा स्थानीय सरकार, सम्वन्धित बस्तु तथा सेवाका उत्पादक, व्यवसायी र अन्य सरोकारवालाहरूका विचमा अन्तरक्रिया गरिएको थियो । सो क्रममा अन्तर स्थानीय तह सहकार्यले आय र रोजगारी सिर्जनामा थप योगदान पुग्न सक्नेमा सरोकारवालाहरू सहमत भए । सो क्रममा साझा संयन्त्र तयारी र सहकार्य प्रवर्द्धनका लागि प्रदेश सरकारले नीतिगत र संस्थागत सहजीकरण गर्नुपर्ने औल्याइएको थियो । यस क्रममा सम्वन्धित क्लष्टरको अर्थतन्त्रमा योगदान गर्नसक्ने मुख्य बस्तुलाई साझा प्राथमिकता बनाउनु पर्नेमा मतैक्यता रहेको थियो भने सम्भाव्य अन्य बस्तु तथा सेवालाई पनि अतिरिक्त प्राथमिकताको क्षेत्र बनाउनु पर्नेमा सबैजसो सहभागीको धारणा रहेको थियो ।

आर्थिक वृद्धि सम्भाव्य क्षेत्रका स्थानीय सरकार, उत्पादक, उद्योगी र व्यवसायीको साझा प्रयासबाट निम्न उपलब्धी हाँसील गर्न सकिनेमा सरोकारवालाहरूको विश्वास रहेको पाइएको छ ।

- स्थानीय सरकारहरू र सम्वन्धित सरोकारवाला पक्षबाट आर्थिक क्षेत्रका साझा प्राथमिकता निर्धारण तथा छरिएर भएका प्रयासहरूलाई एकीकृत गर्दै सम्वन्धित क्षेत्रको प्रमुख बस्तु वा सेवाको लाभदायक परिमाण र गुणस्तरमा उत्पादन वा प्रवाह
- अनुकुल नीतिगत, संस्थागत प्रवन्ध तथा उत्पादन र व्यापार मैत्री वातावरण सिर्जना गर्न र प्रतिस्पर्धी मुल्यमा उत्पादनको बजारीकरण गर्दै अपेक्षित मुल्य अभिबृद्धि
- आर्थिक सम्भाव्य क्षेत्र मार्फत अतिरिक्त आय र रोजगारी सिर्जना गर्दै सम्वन्धित स्थानीय तह तथा समग्र भेगको आर्थिक बृद्धिमा योगदान र
- अन्तर स्थानीय तह सहकार्य मार्फत कृषि, पर्यटन र उद्योग क्षेत्रका लागि सहयोगी पुर्वाधारमा सह लगानी तथा संघीय र प्रदेश स्तरका सम्भाव्य परियोजना विकास ।

# खण्ड - ३
# निष्कर्ष र सुझावहरू

प्रस्तुत अध्ययनमा प्रादेशिक अर्थतन्त्रका विविध आयामहरूलाई अनुसन्धानका विभिन्न विधि र तथ्याङ्कहरूका आधारमा सुक्ष्म ढङ्गले केलाउने कोसिस गरिएको छ । प्रदेश अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेका ३ मुख्य क्षेत्रहरू प्राथमिक (कृषि तथा पशुपालन, वन, माछापालन लगायत), द्वितीयक क्षेत्र (उत्पादनमूलक उद्योग, निर्माण लगायत) र सेवा क्षेत्र (पर्यटन, कृषि उत्पादनको थोक तथा खुद्रा व्यापार लगायत) भित्र रहेका बढी योगदान गर्नसक्ने सम्भाव्य उपक्षेत्रहरू पहिचान भएका छन् । पछिल्लो तथ्याङ्क अनुसार सेवा क्षेत्रले प्रदेशको अर्थतन्त्रको करिब आधा हिस्सा (४९.१%) ओगटेको छ भने कृषि लगायतको प्राथमिक क्षेत्रले एक तिहाई हिस्सा (३३.५८%) ओगटेको छ, जबकि औद्योगिक क्षेत्रको योगदान १७.३२% रहेको देखिन्छ । यसरी हेर्दा राष्ट्रिय औसत भन्दा यो प्रदेशमा कृषि र औद्योगिक क्षेत्रको योगदान बढी रहेको देख्न सकिन्छ । सेवा क्षेत्रको योगदान भने राष्ट्रिय औसत भन्दा कम रहेको देखिन्छ ।

विभिन्न सूचकका आधारमा विश्लेषण गर्दा प्रदेश १ को सरकारले कृषिलाई उच्च प्राथमिकतामा राखेर उद्योगसँग जोड्नका लागि निजी क्षेत्रसँग भरपर्दो साझेदारी निर्माण गर्ने गरी मुख्य नीतिगत प्राथमिकता निर्धारण र कार्यान्वयन गर्नुपर्ने देखिएको छ । कृषि उत्पादनको प्रशोधनलाई उद्योग क्षेत्रको प्राथमिकता बनाउनु पर्ने तथा कृषि उत्पादनको थोक तथा खुद्रा व्यापारलाई सेवा क्षेत्रको प्राथमिकताका रूपमा अघि बढाउन सकेमा प्रदेश १ ले तुलनात्मक लाभ हाँसिल गरी आय र रोजगारीको स्तरमा उल्लेख्य सुधार गर्नसक्ने देखिन्छ । कृषि क्षेत्रको व्यवसायीकरणमार्फत् श्रम बजारमा आउन नसकेका महिला जनसङ्ख्याको श्रम सहभागिता बढाउन, औपचारिक क्षेत्रको रोजगारी बढाउन तथा आय गरिबी न्यूनिकरण गर्न समेत प्रदेश १ ले कृषि र अन्य क्षेत्रका बिचको भरपर्दो अन्तर सम्बन्ध निर्माण आवश्यक छ । त्यसबाहेक पर्यटन प्रदेश १ को आर्थिक वृद्धिको अर्को महत्वपूर्ण आधार बन्न सक्ने देखिन्छ ।

यो अध्ययनले कृषि तथा पशुपालन अन्तर्गतका १३ वटा उत्पादनहरू, उत्पादनशील उद्योग क्षेत्र अन्तर्गत २ वटा उत्पादनहरू र सेवा क्षेत्र अन्तर्गत २ वटा उत्पादनहरू गरेर कुल १७ वटा उत्पादनहरूलाई प्रदेशको गार्हस्थ्य उत्पादनमा उल्लेख्य योगदान पुर्‍याउन सक्ने उत्पादनका रूपमा पहिचान गरेको छ । कृषिक्षेत्र अन्तर्गत अलैंची, धान, आलु, मकै, अदुवा, गहुँ, सुन्तला लगायतका अमिला जातका फलफूलहरू, तरकारी, केरा र कोदो रहेका छन् भने पशुपालन उप-क्षेत्र अन्तर्गत दुग्ध उत्पादन, भेडा/खसी-बोकाको मासु र बंगुरको मासु रहेका छन् । यसैगरी उत्पादनमूलक औद्योगिक क्षेत्र अन्तर्गत खाद्य-प्रशोधन उद्योग र कपडा उद्योग रहेका छन् । सेवा क्षेत्र अन्तर्गत पर्यटन (खाना तथा आवास र यातायात) र कृषि बस्तुको थोक तथा खुद्रा व्यापार पहिचान भएका छन् ।

यसका अतिरिक्त प्रस्तुत अध्ययनले आर्थिक वृद्धि सम्भाव्य क्षेत्रको अवधारणालाई अगाडि सारेको छ । यो पहिचान भएका प्रमुख उत्पादनमा केन्द्रित भएर स्थानीय तहहरूले एकीकृत अवधारणा, योजना, रणनीति र कार्यक्रमहरू लागु गर्नु उपयुक्त हुन्छ भन्ने अवधारणा हो । जसअनुसार खाद्य प्रशोधन उद्योगका लागि कोशी औद्योगिक कोरिडोरमा रहेका विराटनगर महानगरपालिका सहितका ५ वटा पालिकाहरूको एउटा केन्द्र वा क्लस्टर बन्न सक्ने देखिएको छ । यस्तै झापाको बिर्तामोड नगरपालिका सहितका पालिकाहरूको अर्को क्लस्टर बन्न सक्छ ।

दुग्ध उत्पादन (डेरी उद्योग) सँग सम्बन्धित रहेर झाँपाका मेचीनगर, बुद्ध शान्ति र अर्जुन धाराको एउटा क्लस्टर र इटहरी नगरपालिका र सुनसरी जिल्लाकै अन्य पालिकाहरू जोडेर अर्को क्लस्टर बन्न सक्ने अवस्था देखिएको छ । यसैगरी पर्यटनसँग सम्बन्धित रहेर 'तिनजुरे-मिल्के-जलजले' मा जोडिने लालीगुराँस नगरपालिका सहित ८ देखि १० वटा पालिकाहरूको एउटा क्लस्टर, धरान र धनकुटाको संगममा रहेको 'भेडेटार-नाम्जे' क्षेत्रलाई आधार मानेर अर्को क्लस्टर बन्ने अवस्था देखिएको छ । इलाम जिल्लाको 'कन्याम-अन्तु' क्षेत्रलाई आधार मानेर सुर्योदय न.पा., रोङ गाउँपालिका र इलाम न.पा. लाई जोडेर यस्तै क्लस्टर बनाउन सकिने आधारहरू यो अध्ययनले प्राप्त गरेको छ । पर्यटनसँग सम्बन्धित अन्य क्लस्टरहरूमा 'बराहक्षेत्र केन्द्र' र 'सगरमाथाको खुम्बु' क्षेत्र पनि हुन सक्ने अध्ययनको निष्कर्ष रहेको छ ।

कृषि उत्पादन अन्तर्गत अलैंची उत्पादनका लागि ख्याति प्राप्त ताप्लेजुङ जिल्ला अन्तर्गतका फुङ्लिङ न.पा. लगायत आसपासका पालिकाहरूलाई जोडेर अर्को अलैंची उत्पादनको एउटा क्लस्टर निर्माण गर्न सकिने यस अध्ययनको निष्कर्ष हो ।

विगतका वर्षहरूमा प्रदेशको गार्हस्थ्य उत्पादनमा रहेको वृद्धिदर, कुल कृषि उत्पादनमा भएको योगदान, खाद्य प्रशोधन उद्योगसँगको सम्बन्ध, विगतका वर्षहरूमा देखिएको निर्यात र आयातको अवस्था, प्रदेशको प्रथम आवधिक योजना र विगतका बजेटका प्राथमिकताहरू, निजी क्षेत्र, सहकारी क्षेत्र, सम्बन्धित विषयका विज्ञहरू लगायतका सरोकारवालाहरूबाट प्राप्त सूचनाबाट माथि उल्लेखित पहिचानको मुख्य आधार तयार गरिएको थियो । प्रदेश १ अत्यन्त सम्भावना बोकेको प्रदेश हो । कृषि, पर्यटन, उद्योग-व्यवसाय, अन्तर्राष्ट्रिय व्यापार लगायतका प्रत्येक क्षेत्रहरूमा यसको आफ्नै विशिष्ट पहिचान छ । त्यसमा पनि आर्थिक वृद्धिको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्र मुलुकको कायापलट गर्न सक्ने एउटा प्रमुख क्षेत्र हुनसक्ने वास्तविकतालाई विभिन्न तथ्याङ्कहरू र यो अध्ययनले प्रमाणित गरेको छ । त्यसमा पनि प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजनाले पाँच वर्षभित्रमा कृषिक्षेत्रको वृद्धिदरलाई ५.६% पुऱ्याउने लक्ष्य लिएको थियो । यद्यपि यो उपलब्धी हाँसिल गर्न कृषि क्षेत्रलाई पछिल्ला प्रविधिहरूसहितको यान्त्रिकीकरणमार्फत् उत्पादन वृद्धि र बजारको सुनिश्चितता आवश्यक छ । विगतको अभ्यास हेर्ने हो भने सरकारका प्रयास र योजनाहरू त्यति धेरै प्रभावकारी हुनसकेका छैनन् ।

कृषि क्षेत्रको व्यापक रूपमा संरचनागत रूपान्तरण नगरेसम्म औद्योगिकीकरण र बजारीकरणको यात्रा अधुरो र अपूरो नै हुन जान्छ । निजी क्षेत्रको उल्लेखनीय सहभागिता बिना कृषि क्षेत्रले व्यापक रूपान्तरणसहितको फड्को मार्न सक्ने अवस्था पनि देखिँदैन । प्रदेशको प्रथम आवधिक योजनाले पनि कृषि अन्तर्गतका विभिन्न क्षेत्र र उपक्षेत्रहरूमा निजी क्षेत्रबाट ठूलो मात्रामा लगानीसहितको सहकार्यको अपेक्षा गरेको थियो । जसअनुसार पाँच वर्षको अवधिमा कृषि तथा वन क्षेत्रमा गरिने कुल लगानी १७,८३७ करोडमध्ये निजी क्षेत्रबाट मात्रै ४५% लगानीको अपेक्षा गरिएको थियो । यसैगरी मत्स्यपालनमा गरिने कुल लगानी ३५२ करोड मध्ये निजी क्षेत्रबाट मात्रै ७० % को अपेक्षा थियो । यस्तो सहकार्यले प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रको निर्भरतालाई कम गरी औद्योगिक क्षेत्रको योगदानलाई वृद्धि गर्दै लैजान सकिन्छ । तर हालसम्म निजी क्षेत्र कृषिको रूपान्तरणमा आक्रामक ढंगले आउन सकेको अवस्था छैन । प्रतिफलको सुनिश्चितता नभएसम्म निजी क्षेत्रबाट ठूलो लगानीको अपेक्षा गर्न पनि सकिन्न ।

मुलुकको आधुनिक औद्योगिकीकरणको इतिहास यसै प्रदेश अन्तर्गत विराटनगर जुट मिलको स्थापना (वि.सं. १९९४) बाट शुरू हुन्छ । यो आफैमा मुलुकको औद्योगिक यात्रामा आधुनिकीकरण तर्फको प्रस्थान बिन्दु थियो र क्रान्तिकारी कदम पनि थियो । यसअघि नै वि.सं. १९३५ मै स्थापित इलामको चिया प्रशोधन कारखाना पनि कृषिजन्य उद्योगको माइलस्टोन मानिनु पर्ने तर्क पनि छ । उपर्युक्त दुबै उद्योगहरू नगदे बालीमा आधारित उद्योगहरू हुन् । हाल यो प्रदेशको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान १७.३२% रहेको भए पनि उत्पादनमूलक उद्योगको योगदान भने त्यसको करिब आधा मात्र रहेको छ । कृषिमा आधारित उद्योगको प्रचुर सम्भावना त छ, तर त्यसमा आधारित उद्योग स्थापनाले व्यापकता पाउन सकेको अवस्था देखिँदैन ।

यो अध्ययनबाट खाद्य प्रशोधन उद्योग र कपडा उद्योगको योगदान उल्लेखनीय देखिन्छ । खाद्य प्रशोधन उद्योगले समग्र कृषि क्षेत्रको रूपान्तरणमा पनि उल्लेख्य भूमिका निर्वाह गर्न सक्ने आँकलन गरिएको छ ।

यस प्रदेश अन्तर्गतका अधिकांश जिल्लाहरू खाद्यान्न उत्पादनमा आत्मनिर्भर र वचतको अवस्थामा देखिन्छन् । यसबाट आन्तरिक र बाह्य बजार दुबैको लागि ठूलो सम्भावना बोकेको देखिन्छ । तथापि पछिल्लो समयमा खाद्यान्न आयात वृद्धिको तथ्याङ्कले चुनौती थपिएको छ । नगदे र अन्य मसलाजन्य बालीहरू जस्तैः अलैंची, अदुवा, तरकारी, फलफूल लगायतको उत्पादनमा यस प्रदेशको प्रभावपूर्ण र उल्लेखनीय उपस्थितिसँगै छुट्टै पहिचान जनाई सकेको छ । यति हुँदा पनि हालसम्मका सरकारका योजनाहरू र सुधारका प्रयासहरू कृषि क्षेत्रको ब्यापक रूपान्तरणमा खासगरी उत्पादन वृद्धि, त्यसको बजारीकरण र निर्यात प्रवर्द्धनमा प्रभावकारी बन्न सकेका छैनन् । यसबाट सरकारको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको प्रष्ट हुन्छ । हालसम्म पनि परम्परागत शैली र प्रविधिमै कृषि क्षेत्र रूमल्लिरहेको अवस्था छ । निजी र सहकारी क्षेत्रको सक्रिय एवम् उल्लेख्य र प्रभावपूर्ण उपस्थिति तथा सहभागिता बिना समग्र अर्थतन्त्रको संरचनागत रूपान्तरणको सम्भावना पनि देखिँदैन । यो भनेको कृषि क्षेत्रको निर्भरतालाई घटाउँदै गैरकृषि क्षेत्रको योगदान बढाउँदै लैजाने हो । यसो गर्न पनि कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै यसको उत्पादकत्व वृद्धि गर्न आवश्यक देखिन्छ ।

**यो अध्ययनका आधारमा कृषि तथा पशुपालन क्षेत्रमा देखिएका प्रमुख समस्याहरूलाई तपसिल बमोजिमका बुँदाहरूमा प्रस्तुत गरिएको छ ।**

- पहाडबाट तराई-मधेस बसाइँसराइ गर्ने प्रबृत्तिका कारण पहाडमा कृषि पेशाको संरक्षण र उत्पादनको दिगोपन प्रमुख चुनौतीका रूपमा रहेको छ ।
- उत्पादनको बजारीकरण र मुल्य अभिवृद्धिमा रहेका समस्याले कृषि क्षेत्र आकर्षक क्षेत्रको रूपमा विकास हुन सकेको छैन । जसले गर्दा कृषि उत्पादनमा संलग्न हुने उत्प्रेरणा छैन । पूर्ण क्षमतामा कृषि उत्पादन हुन सकेको छैन ।
- विभिन्न तहका सरकारमार्फत् उपलब्ध गराइने कृषि अनुदानले केही सकारात्मक नतिजा ल्याएको देखिए पनि यस्ता कार्यक्रमको पारदर्शिता र प्रभावकारिताको पक्ष कमजोर छ । प्रक्रियागत झण्झट र वास्तविक किसानलाई त्यस्तो अनुदान प्राप्तिमा सहजीकरण गरिदिने निकाय नहुँदा उनीहरू यस्ता कार्यक्रमबाट लाभान्वित हुन सकेका छैनन् । बैंक तथा वित्तीय संस्थामार्फत् परिचालन हुने सहुलियतपूर्ण कृषि कर्जा प्राप्ति पनि सहज छैन ।
- प्राङ्गारिक मल उत्पादनको अभ्यास बढ्दै गएको भए पनि रासायनिक मल र प्राङ्गारिक मलको उचित मिश्रणमार्फत् कृषि उत्पादनमा प्राङ्गारिक मलको बजार विस्तार र रासायनिक मलको प्रयोगमा कमी ल्याउनेतर्फ सरकारले आवश्यक पहल गर्न सकेको छैन ।
- रासायनिक मल किसानले समयमा नपाउने आमसमस्या रहेको छ भने कृषि बालीतर्फ उपलब्ध रासायनिक र प्राङ्गारिक मल, बीउ, औषधी तथा पशुपालनतर्फ दाना, भिटामिन, औषधी आदिको गुणस्तर मापनको संस्थागत प्रबन्ध र अभ्यास नहुँदा जोखिम रहेको छ ।
- कृषि बाली तथा पशुपालन क्षेत्रको उत्पादनको व्यवस्थापनमा समस्या रहेको छ । खाद्यान्न, तरकारी, नगदेबाली, फलफूल, दुध लगायतका कृषि उत्पादनको ग्रेडिङ, भण्डारण, व्यवस्थापन र बजारीकरण अन्तरसम्बन्धित हुने भएको तर व्यवस्थापनसँग सम्बन्धित समस्याका कारण यस्ता उत्पादनले पर्याप्त लाभ दिन सकिरहेका छैनन् ।

- जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र एवं स्थानीय तहमा रहेका कृषि तथा पशुसेवा शाखामा जनशक्तिको सीमितता रहेको छ । कृषिमा व्यवसायीकरण भइनसकेको सन्दर्भमा सम्बन्धित किसानले स्वयं त्यस्ता प्राविधिक ज्ञान र सीप रहेका जनशक्ति राख्न सक्ने अवस्था बनिसकेको पनि छैन । त्यसले प्राविधिक सहायताको अवस्था कमजोर रहेको छ ।

- चिया, अलैंची, अदुवा जस्ता प्रदेशका निर्यात योग्य बस्तुको गुणस्तर प्रमाणीकरण केन्द्र प्रदेशभित्र नभएकोले भारत निकासीमा विभिन्न व्यवधान भोग्न परिरहेको छ । यसका अतिरिक्त भारत बाहेकको बजार पहिचान र बजारको विविधिकरणमा राज्यबाट आवश्यक भूमिका निर्वाह हुन नसक्दा गुणस्तरीय नेपाली उत्पादन भारतीय उत्पादनको रूपमा बाहिर जाने गरेकाले नेपाली उत्पादनले अन्तर्राष्ट्रिय बजारमा पहिचान बनाउन सकिरहेको छैन ।

- अत्यधिक कृषि अनुदान र नविनतमै प्रविधि प्रयोगका कारण न्यून उत्पादन लागत र उच्च उत्पादन रहेका भारतीय कृषि बस्तुसँग नेपालको उत्पादनले लागत प्रतिस्पर्धा गरिरहनु परेको तथा गुणस्तरमा रहेको अन्तर मापन गर्ने संयन्त्र र विधि नभएको अवस्थामा अन्नबाली लगायतका कृषि उत्पादनले आन्तरिक बजारमा समेत भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको छ ।

- मल, बीउ, सिँचाई, भण्डारण, प्राविधिक सहायता र बजारीकरण प्रदेश १ का धेरैजसो कृषि उत्पादनको साझा समस्या रहेको छ । प्राथमिक उत्पादनको व्यवस्थापन, भण्डारण, ग्रेडिङ, ब्राण्डिङ, प्याकेजिङ, प्रशोधन आदिको माध्यमबाट मुल्य अभिवृद्धि आदिमार्फत् मुल्य अभिवृद्धिका लागि सरकार, उत्पादक तथा उद्यमीको बिचमा आधारभुत सहकार्य र समन्वयको अभाव रहेको छ ।

- अर्गानिक उत्पादन, विषादी प्रयोग नभएको उत्पादन र रासायनिक मल प्रयोग नभएको उत्पादनका बिचमा रहेको व्यापक भिन्नतालाई समान्यीकरण गरिएको र खानयोग्य बस्तुलाई अर्गानिक भनी प्रचार गरिने हुँदा अर्गानिक उत्पादनले प्राथमिकता पाएको छैन ।

- बजार सहजकर्ताहरू अर्थात् अनौपचारिक व्यापार व्यवसाय सञ्चालकहरूले कृषकको उत्पादनको बजारीकरणमा सकारात्मक भूमिका खेलिरहेको भए पनि यो क्षेत्रमा कमजोर नियमनको कारणले उत्पादक र उपभोक्ता मुल्यमा ठूलो अन्तर रहेको छ ।

- प्रदेश १ मा रहेका शीत भण्डारहरू आवश्यक मापदण्डका छैनन् भने पर्याप्त पनि छैनन् । यसले कृषि उपजको भण्डारण, बजारीकरण र मुल्य अभिवृद्धिमा समेत नकारात्मक प्रभाव पारिरहेको छ । प्रदेशका झापा, मोरङ, सुनसरी, इलाम र उदयपुर बढी जनघनत्व भएका जिल्ला भएकोले दुध, मासु, फलफूल र तरकारीको प्रमुख आन्तरिक बजार पनि यिनै हुन् तर बाँकी जिल्लासँगको कमजोर यातायात सञ्जाल र ढुवानीमा कुनै पनि अनुदान तथा सहुलियत नहुँदा बाँकी जिल्लाले आन्तरिक बजारमा समेत यी बस्तु बेच्न सक्ने अवस्था छैन ।

- भाडामा जग्गा लिएर व्यावसायिक खेती गर्न महँगो भाडा तिर्नुपर्ने र त्यसबाहेक मल, बीउ, प्राविधिक सहायता आदिको साझा समस्या पनि ब्यहोर्नु पर्दा कृषिमा व्यवसायीकरण हुन सकेको छैन ।

- दुग्ध उत्पादनमा आत्मनिर्भरता तर्फ उन्मुख भएको देखिएता पनि पशु नश्ल सुधारका कार्यक्रमको असफलताले उन्नत जातको गाई भैंसीमा बाह्य निर्भरता बढ्दै जाने जोखिम रहेको छ । पशु स्वास्थ्य सेवाको पहुँच कमजोर हुँदा जोखिम उच्च छ ।

**यसैगरी प्रस्तुत अध्ययनले उद्योग क्षेत्रमा रहेका प्रमुख समस्याहरूलाई निम्न बमोजिमका बुँदाहरूमा समेट्ने प्रयत्न गरेको छ ।**

- उद्योग स्थापना र सञ्चालनमा विभिन्न प्रक्रियागत झण्झट उद्योग क्षेत्रमा लगानी आकर्षित हुन नसक्नुको एउटा प्रमुख कारण रहेको छ । आयात घटाउने वा निर्यात बढाउन आवश्यक चाहिने औद्योगिक वातावरण निर्माणका लागि सरकारको नीतिगत, कार्यक्रमिक र व्यवहारिक प्राथमिकता बन्न सकेको छैन । उत्पादनमूलक उद्योगहरूको विकास र विस्तार रोकिएको छ ।

- लगानीकर्तालाई आकर्षिक गर्ने गरी नीतिगत र कानुनी प्रबन्ध गरिएको छैन । विद्यमान प्रकृयागत झण्झटले गर्दा उद्योग स्थापना र सञ्चालनलाई निरूत्साहित गरेको छ । आयात गर्नुपर्ने औद्योगिक कच्चा पदार्थ, औजार तथा उपकरणमा रहेका उच्च शुल्कले गर्दा उद्योग स्थापनाको लागत समेत उच्च रहने गरेको छ ।

- उद्योगका लागि चाहिने यातायात लगायतका भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन नहुँदा पनि औद्योगिक वातावरण निर्माणमा समस्या रहेको छ । उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालनसँग जोडिएका प्रक्रिया तथा सबाल सम्बोधन गर्ने एउटै विशिष्ठ निकाय वा संयन्त्र छैन । सहायक सामग्री उत्पादन गर्ने उद्योगले निर्यात अनुमती नपाउने हुनाले पनि सम्भावना भएका यस्ता क्षेत्रमा पनि उद्योग स्थापना र सञ्चालन नभइरहेको अवस्था छ ।

- जारी औद्योगिक क्रियाकलापबाट वर्तमान यथास्थितिको निरन्तरता भइरहेको भए पनि आर्थिक वृद्धि हुने गरी उत्पादन वा मुल्य अभिवृद्धि हाँसिल हुने अवस्था छैन । राज्यको लगानीको स्तर, औद्योगिक कच्चा पदार्थको उपलब्धता र कृषि क्षेत्रको विकासको स्तरले उद्योग क्षेत्रले आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने अवस्था छैन ।

- कृषिलाई उद्योगसँग आवद्ध गर्न सकिएको छैन । वर्तमान उत्पादनका आधारमा कृषिमा आधारित ठूला उद्योग स्थापना गर्न सकिने अवस्था छैन भने साना तथा मझौला उद्योग स्थापना पनि भइरहेको छैन । यसरी उद्योगको कृषिसँगको पृष्ठ सम्बन्ध कमजोर रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूमा रहेको तरलता अभावले वित्तीय क्षेत्र पुँजीगत लगानीका लागि भरपर्दो स्रोतका रूपमा विकास हुन सकेको छैन । हरेक वर्ष अधिकांश समय बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्ने नसक्ने अवस्था भएकाले लगानीका लागि पुँजीको अभाव छ ।

- उद्योग स्थापनाका लागि जग्गा प्राप्ति असहज र जग्गाको मुल्य अत्याधिक हुँदा उद्योग स्थापनाको ठूलो हिस्सा जग्गामा नै लगाउनुपर्ने हुनाले नयाँ उद्योग स्थापना गर्नु लाभदायक नहुने अवस्था छ । विद्युत आपूर्ति नियमित र भरपर्दो नहुँदा उत्पादनमूलक उद्योग सञ्चालन र उत्पादनको प्रकृतिका आधारमा उत्पादन भण्डारण र व्यवस्थापनमा समेत समस्या हुने गरेको छ ।

- नेपालमा उद्योग सञ्चालनको लागत उच्च छ । उत्पादनका साधन महँगो र प्राप्तिमा कठिनाई छ । त्यसैले आयातमा बन्देजहरू भएका उद्योगबाहेक अन्य उद्योगमा गरिने लगानी लाभदायक छैन । बैंक तथा वित्तीय संस्थाबाट तरलता अभावका कारण अधिकांश समय कर्जा प्रवाह नहुने भएकाले चालु पुँजीको अभावबाट समेत उद्योगहरू प्रभावित हुने अवस्था छ । कर्जा प्रवाहको सन्दर्भमा वित्तीय संस्थाको नियमन कमजोर हुँदा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाहमा समस्या देखिएको छ ।

**प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा योगदान गर्नसक्ने अर्को मुख्य क्षेत्र पर्यटन व्यवसाय हो । पर्यटन क्षेत्रले भोगिरहेका मुख्य समस्याहरूलाई तपसिल बमोजिम बुँदागत गरिएको छ ।**

- प्रदेश १ को पर्यटन बजारमा सबैभन्दा महत्वपूर्ण बजार भारतीय पर्यटक हुन् तर भारतीय पर्यटकलाई यातायात अनुमति प्राप्तिमा रहेका जटिलता विभिन्न स्थानमा अनावश्यक चेकजाँच, पर्यटकलाई हुने अपमानपूर्ण व्यवहार, ५ शय र १ हजार दरका भारतीय मुद्राको प्रयोगमा रहेको नियन्त्रण आदिले गर्दा पर्यटन क्षेत्रको विकास पर्याप्त रूपमा हुन सकेको छैन ।

- बंगलादेशबाट भारतको बाटो हुँदै नेपाल आउने पर्यटकको नेपाल प्रवेश सहज नहुँदा पर्यटन विकासको क्षेत्रीय पक्ष ओझेलमा परेको छ । भारतले बंगलादेशका नागरिकलाई दुई पटक प्रवेश पाउने गरी दिइँदै आएको प्रवेश अनुमतिको व्यवस्था हटाएर एकपटक मात्र प्रवेश पाउने व्यवस्था गरिँदा उनीहरूलाई नेपाल आउन असहज भएको छ ।

- प्रदेश १ मा रहेका विमानस्थलहरूले प्रदेश १ को पर्यटकीय गतिविधिमा योगदान गर्न सकेका छैनन् । विमानस्थलबाट पर्यटकीय गन्तव्यहरू जोड्ने अन्य यातायातका पूर्वाधारहरूको कमी रहेको छ ।

- सगरमाथा लगायत उच्च हिमाली श्रृंखला र अन्य धेरै अन्तर्राष्ट्रिय स्तरका पर्यटन गन्तव्य रहेको यो प्रदेशमा क्यासिनो, हिमाल आरोहण, पदयात्रा लगायतका मनोरञ्जनात्मक क्रियाकलापमा आधारित पर्यटन व्यवसाय सञ्चालन अनुमति प्रदेश तह वा संघीय सरकारको प्रादेशिक निकायबाट प्रदान नहुँदा अन्तर्राष्ट्रिय गन्तव्य तथा पर्यटकीय अवसरको लाभ प्रदेशले पाइरहेको छैन । काठमाडौंबाट पर्यटकको सबै भ्रमण नियन्त्रित भइरहेको छ । खुम्बु क्षेत्रको आर्थिक लाभ प्रदेशले लिन सकिरहेको छैन ।

- प्रदेशस्तरमा पर्यटन प्रवर्द्धनको विशिष्टीकृत निकाय छैन । पर्यटन प्रवर्द्धनको स्पष्ट नीति नहुँदा पर्यटन क्षेत्रको विकासले प्राथमिकता पाउन सकेको छैन । पर्यटकीय गन्तव्य धेरै वटा भए पनि त्यहाँ जाने पर्यटकका लागि खर्च गर्ने धेरै विकल्प नहुँदा आर्थिक वृद्धिमा पर्यटन क्षेत्रको योगदान अपेक्षित रूपमा बढैन सकेको छैन । पर्यटकीय गन्तव्यहरूका बिच र पर्यटन क्षेत्र र अन्य आर्थिक क्षेत्रका बिचको अन्तरसम्बन्ध प्रभावकारी नहुँदा पनि यो क्षेत्रले आर्थिक वृद्धिमा पर्याप्त भूमिका निर्वाह गरेको छैन । स्वास्थ्य सेवाका लागि नेपाल आउने भारतीय पर्यटकलाई नजिकका पर्यटकीय गन्तव्यसँग जोड्न सकिएको छैन ।

- पर्यटक सेवाका लागि दक्ष जनशक्तिको अभाव र उपलब्ध जनशक्तिलाई पर्यटन क्षेत्रले उपयोग गर्ने अवस्था नहुँदा पर्यटक सेवाको गुणस्तरमा पर्याप्त कमी रहेका छ । सम्भाव्य आन्तरिक र बाह्य पर्यटकका माझ सगरमाथा बाहेक प्रदेश १ का पर्यटन गन्तव्यहरूका बारेमा प्रचार प्रसारको कमी छ । सरकार र पर्यटन क्षेत्रका सरोकारवालाहरूका बिचमा सम्बाद, समन्वय र सहकार्यको कमी रहेको छ । यसैले पर्यटन क्षेत्रको समस्या पहिचान र प्राथमिकता निर्धारण उपयुक्त किसिमले हुन सकेको छैन ।

**कृषि तथा पशुपालन क्षेत्रसँग सम्बन्धित सुझावहरूः**

- कृषि क्षेत्रबाट आर्थिक वृद्धि हाँसिल गर्ने उद्देश्य भएका कार्यक्रम तय गर्दा बसाइँसराइको पक्षलाई ध्यान दिइनुपर्छ । वर्तमान र भावी जनसङ्ख्याले जनशक्ति र बजार निर्धारण गर्ने भएकोले पहाडबाट तराई वा गाउँबाट शहरतिर बसाइँसराइ गर्ने प्रबृत्तिको विश्लेषण र प्रक्षेपण गरिनु आवश्यक छ ।

- व्यावसायिक कृषि प्रोत्साहनका लागि उत्पादनको बजार पूर्व निश्चित गरिनुपर्छ । स्थानीय तह र प्रदेश सरकारले बजार अध्ययन गरी प्राथमिकता प्राप्त उत्पादन निर्धारण गर्नुका साथै बजारीकरणका लागि सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ ।

- संघीय सरकारले आफैं वा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरी कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत् निर्धारण गरिएका सुपरजोन, जोन, ब्लक र पकेटका विशेष कार्यक्रमले सम्बन्धित क्षेत्रमा कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनमा योगदान गरेको देखिन्छ । यसबाहेक विभिन्न तहबाट सञ्चालित कृषि अनुदानका कार्यक्रमको प्रभावकारिताको स्वतन्त्र लेखाजोखा गरी अनुदानको विधि र अभ्यासमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । उत्पादन परिमाण वा मुल्य अभिवृद्धिमा आधारित बनाउने एउटा विकल्प हुनसक्छ । प्राथमिक उत्पादकका लागि नभई कृषि उपजको प्रशोधन र बजारीकरणमा योगदान गरिरहेका उद्योग व्यवसायको पुँजीगत सुधारका लागि पनि सहुलितपूर्ण कर्जा तथा अनुदानको अवसर खुला गरिनुपर्छ ।

- प्राङ्गारिक मल उत्पादनलाई प्राथमिकता प्राप्त उद्योगका रूपमा अघि बढाउनुका साथै प्रदेशस्तरबाटै मलको गुणस्तर प्रमाणीकरण र सूचिकरण गरी किसानको सहज पहुँचमा उपलब्ध हुने व्यवस्था गर्नुपर्छ । कृषि उपजलाई बढी रासायनिक मल आवश्यक पर्ने र प्राङ्गारिक मलले रासायनिक मल प्रतिस्थापन गर्नसक्ने उत्पादनलाई वर्गीकरण गरी किसानलाई सुसूचित गराउनुपर्छ ।

- रासायनिक मलको उपलब्धता सहज बनाइनु पर्छ । अनुदानको मल स्थानीय तहहरूका बिचमा वितरण गर्दा उत्पादनको किसिम, उत्पादनको क्षेत्रफल जस्ता मापदण्ड बनाएर व्यवस्थित गर्नुपर्छ । मल, बीउ, औषधी तथा पशु दाना, भिटामिन, औषधी आदिको गुणस्तर मापनको भरपर्दो संयन्त्र प्रदेश र आवश्यकता अनुसार जिल्लास्तरमा राखिनु पर्छ ।

- कृषि बालीको भण्डारण र व्यवस्थापनमा मूलतः किसानलाई तालिम र आधुनिक प्रविधिको उपलब्धता आवश्यक छ । गुणस्तर नियन्त्रण उत्पादन हुने स्थान अर्थात् खेत वा फर्मबाट शुरू गर्ने गरी तहगत गुणस्तर नियन्त्रणको पद्धति तय गरी कार्यान्वयन गर्नुपर्छ ।

- जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताललाई सम्बन्धित कृषि तथा पशुपालन क्षेत्रको समस्या तथा सबालहरूको अध्ययन गर्ने तथा स्थानीय तहहरूको कृषि तथा पशु सेवा इकाईहरूको क्षमता वृद्धिमा केन्द्रित रहन विशिष्टकृत निकायका रूपमा अघि बढाउनु पर्छ भने त्यस्ता जिम्मेवारी बाहेकका प्रशासनिक जिम्मेवारी स्थानीय तहलाई नै हस्तान्तरण गरिनुपर्छ ।

- अलैंची, अदुवा जस्ता प्रदेशका निर्यात योग्य बस्तुको गुणस्तर निर्धारण र प्रमाणीकरणको प्रबन्ध गरिनुपर्छ । अलैंची तथा अदुवाको नेपाली ब्राण्ड र प्याकेजमा भारत बाहेकका देशमा समेत सिधा निर्यातका लागि संघीय सरकारमार्फत् कुटनीतिक पहलका लागि प्रदेश सरकारले पहल गर्नुपर्छ भने चिया, अलैंची, अदुवा, तरकारी लगायत निर्यातयोग्य बस्तुको भारतीय बजारमा पहुँच सुनिश्चित गर्न प्रदेश सरकारले पनि पहल गर्नुपर्छ ।

- अलैंचीको बीउ र उत्पादन विधि तथा रोग किराका सम्बन्धमा अध्ययन र अनुसन्धानका कार्यलाई कृषिकै अभिन्न अङ्ग बनाउनु पर्छ । अलैंचीमा आधारित औद्योगिक उत्पादन बढाई आन्तरिक खपत बढाउँदै बजार जोखिम न्यूनिकरण गर्नुपर्छ ।

- अदुवाको सफाईसहितको गुणस्तर सुनिश्चिता, गुणस्तरीय भण्डारण सुविधा र आन्तरिक बजार प्रवर्द्धनमा प्रदेश सरकारले काम गर्नुपर्छ भने दिगो निर्यातका लागि संघीय सरकारमार्फत् कुटनीतिक प्रयास गर्नुपर्छ ।

- मूलतः अन्नबाली, फलफूल र तरकारीको उत्पादकत्व अभिवृद्धि र प्रतिस्पर्धी क्षमता विस्तारका लागि कृषि अनुदान, आधुनिक खेती प्रणाली, उत्पादन व्यवस्थापन, बजारीकरण लगायतका विषयमा भारतको विहार प्रान्तका सफल अभ्यासको अनुकरण गरिनुपर्छ । त्यसका लागि प्रदेश सरकारले कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्छ । यस कार्यमा प्रदेश सरकारले स्थानीय तह, सहकारी र निजी क्षेत्रसँग प्रभावकारी समन्वय गर्नुपर्छ ।

- अर्गानिक कृषि उपजको बारेमा पर्याप्त सचेतना किसान र उपभोक्ता दुबैमा आवश्यक छ । अर्गानिक प्रमाणीकरण गरी त्यस्ता उत्पादनको बजारीकरणका लागि बेग्लै मापदण्ड बनाउनु पर्छ ।

- अनौपचारिक रूपमा भइरहेका कृषि उत्पादनको व्यापारलाई व्यवसायी तालिम र प्रमाणीकरणका माध्यमबाट औपचारिक कारोबारको दायरामा ल्याई प्रोत्साहन तथा नियमन गरिनुपर्छ ।

- स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा शीत भण्डार निर्माण र सञ्चालन गरिनु पर्छ । उत्पादन र बजारलाई जोड्ने र ढुवानीको लागत कम हुने गरी उत्पादन केन्द्र र बजार बिचको यातायात सञ्जाल व्यवस्थित गरिनुपर्छ ।

- जग्गा भाडामा लिने पद्धति सहज बनाइनुका साथै जग्गाको अधिकतम भाडा निर्धारण गरी कृषि व्यवसाय सञ्चालनमा स्थानीय र प्रदेश सरकारले सहजीकरण गर्नुपर्छ ।

- नश्ल सुधारको प्रभावकारिता प्रवर्द्धनका लागि सरकारले विशेष कदम चाल्नुपर्छ । पशु स्वास्थ्य उपचार फर्ममा नै गर्नुपर्ने हुँदा विशेषज्ञ र प्रविधिको पहुँच सुधार र विस्तार गरिनुपर्छ ।

- कृषि उत्पादनको थोक तथा खुद्रा व्यापारलाई कृषि र सेवा क्षेत्रबाट आर्थिक वृद्धि हाँसिल गर्नमा योगदान गर्न सक्ने महत्वपूर्ण सेवा क्षेत्र भएकोले यसलाई कृषिकै अभिन्न अङ्गका रूपमा अघि बढाई कृषि बजारको विकास र विस्तार, ढुवानी सेवामा सुधार र अनौपचारिक रूपमा भइरहेको कृषि उत्पादनको बजारलाई सरल, सहज र औपचारिक बनाउनु पर्छ ।

- रैथाने सुन्तला तथा जुनारमा रोग किराको समस्या तथा उत्पादनमा ह्रास भइरहेको तथा नयाँ र बढी उत्पादन दिने बिरूवाले पुराना बिरूवा विस्थापित गरी फल लाग्न लामो समय कुर्नुपर्ने हुँदा विकल्प तयार गर्ने र माटोको उपचार लगायत सुन्तला र जुनार उत्पादनमा रहेका समस्या हटाउने विषयलाई उत्तिकै प्राथमिकता दिनुपर्छ ।

- पहाडी भेगका कागतीका पुराना बिरूवाको संरक्षण र सङ्कलन गरी बजार पठाउने कार्यलाई स्थानीय सरकारले सहकारीमार्फत् व्यवस्थित गर्नुपर्छ भने तराईमा कागती खेतीलाई पनि प्राथमिकता दिनुपर्छ । अमिलो जातका फलफूलको भण्डारमा सुधारसहित प्रशोधन उद्योगका भरपर्दो आन्तरिक कच्चा पदार्थ बनाउनु पर्छ ।

- पहाडी र केही हिमाली भेगमा हुँदै आएको तरकारी उत्पादनलाई स्थानीय बजार तथा प्रदेशका प्रदेशका प्रमुख बजार केन्द्रसम्मको सहज पहुँच सुनिश्चित गर्ने गरी भण्डारण र ढुवानीका पूर्वाधार र सेवा सुनिश्चित गर्नुपर्छ । एकाध बाहेकको तरकारी निर्यातमा भारतको प्रतिबन्ध हटाई भारत तथा बंगलादेशमा माग रहेका तरकारीको निर्वाध निर्यात हुने वातावरण सिर्जना गर्नका लागि नेपाल सरकारमार्फत् कुटनीतिक पहल गर्नुपर्छ ।

- तराईमा लाभदायक परिमाणमा केरा उत्पादन बढाउने, उद्योगसँग जोड्ने तथा पहाडी भेगमा स-सानो परिमाणमा उत्पादन हुने स्थानीय जातका स्वादिष्ट केराको उत्पादन विस्तार र एकीकरण गरी मुख्य बजारमा बाह्य उत्पादनसँग गुणस्तर प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा पुऱ्याउनु पर्छ ।

- आन्तरिक बजारमा स्वदेशी आलुको माग उच्च रहेको सन्दर्भमा पहाडी भेगमा हुने स्थानीय जातका आलु र तराईमा उत्पादन हुने आलुको सुरक्षित भण्डारणसहित वर्षैभरि बजारमा उपलब्ध हुने अवस्था सुनिश्चित गर्नुपर्छ ।

- दुधालु गाई भैंसीमाथिको बाह्य निर्भरता अन्त्य गर्ने गरी नश्ल सुधार कार्यक्रममा प्रभावकारिता ल्याउनु पर्छ । प्रदेश १ मा उत्पादित दुध र दुग्धजन्य पदार्थको माग भएका देशमा निर्यातका लागि भएका अवरोध हटाउन पहल गर्नुपर्छ । पशुपालन अनुदान लगायतका कार्यक्रमलाई प्रभावकारी बनाउनु तथा स्थानीय तहमा पशु चिकित्सा सेवाको उपलब्धता र पहुँचमा रहेका सीमितता हटाउनु आवश्यक छ । त्यसका लागि कृषि ज्ञान केन्द्र र स्थानीय तहमा जनशक्तिको उपलब्धता बढाउनु र समन्वय विस्तार गर्नु आवश्यक छ । चरन क्षेत्र तथा घाँसको उपलब्धता भएका पहाडी भेगमा उत्पादन हुने दुधलाई बजार केन्द्रसम्म सुरक्षित रूपमा आइपुग्ने गरी यातायातका पूर्वाधार सुधार गर्नुपर्छ ।

- स्थानीय खसी बाख्रा सङ्कलन तथा बिक्री केन्द्रसम्म किसानका उत्पादन न्यून ढुवानी तथा मध्यस्त लागतमा पुग्ने र बिक्री वितरणको अधिकतम लाभ किसानले पाउने अवस्थाको सिर्जना गर्नका लागि नीतिगत र संस्थागत सुधार गर्नुपर्छ । छरिएर रहेका थोरै सङ्ख्यामा हुने बाख्रा, सुँगुर तथा बंगुर पालक किसानलाई पशु स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नुपर्छ ।

**उद्योग क्षेत्रसँग सम्बन्धित सुझावहरूः**

- उद्योग स्थापनाको सबै प्रक्रिया एउटै विन्दु वा कार्यालयबाट सम्पन्न हुने गरी त्यस्तो कानुनी र संस्थागत प्रबन्ध हुनुपर्छ । संघीय सरकारको कार्यक्षेत्रमा पर्ने विषय समेत प्रदेशस्तरको सो कार्यालयमार्फत् तोकिएको समयावधिमा पूरा हुने गरी समय- सीमा सहितको विधि निर्धारण हुनुपर्छ ।

- औद्योगिक कच्चा पदार्थका रूपमा आयात हुने कृषि बस्तुमा आयात शुल्क लगाउनु उपयुक्त होइन । कृषि उत्पादन र कृषिमा आधारित उद्योगलाई प्राथमिकता दिइनुपर्छ । बाह्य कच्चा पदार्थ आयातीत उद्योगको दिगोपनमा समस्या रहेकोले स्वेदशी कच्चा पदार्थमा आधारित उद्योगले प्राथमिकता पाउनुपर्छ ।

- संघीय सरकारले लगाउने औद्योगिक उपकरणको आयातमा लाग्ने कर तथा शुल्क हटाउनु आवश्यक छ । एक भन्दा बढी किसिमका उपकरण आवश्यक पर्ने उद्योगका लागि चाहिने उपकरणमा लाग्ने कर तथा शुल्कमा रहेका विविधता हटाउनु पर्छ । आयातमा लगाइने करलाई आर्थिक वृद्धि र औद्योगिकीकरणको लक्ष्यमा आधारित बनाउनु पर्छ ।

- निर्यातयोग्य बस्तु मध्ये चियाको गुणस्तर मापनका लागि अन्तर्राष्ट्रिय स्तरको प्रयोगशाला प्रदेशभित्र नै सञ्चालन गरिनुपर्छ । निर्यात भइरहेका अन्य उत्पादनलाई प्रशोधन, ब्राण्डिङ र प्याकेजिङमार्फत मुल्य अभिवृद्धि गरी निर्यात बढाउनु पर्छ ।

- प्रदेश १ काठमाडौं, नारायणघाट र पोखरा जस्ता शहरको लागि फिडर मार्केट भएकोले उत्पादित र आयातीत बस्तुको भण्डारण लगायत बन्दोबस्तीका पूर्वाधार प्रदेश १ मा निर्माण गरिनुपर्छ । आन्तरिक र बाह्य व्यापारका लागि उपलब्ध यातायातका पूर्वाधारको अवस्था विश्लेषण गरी सोही अनुसार पूर्वाधार विकासका कार्य अघि बढाउनु पर्छ ।

- तुलनात्मक लाभ भएका उत्पादनमूलक उद्योगमा लगानीको वातावरण बनाई प्रदेश १ को सीमा जोडिएका मुलुकमा त्यस्ता बस्तु निर्यातलाई प्राथमिकतामा राख्नुपर्छ । कृषि र उत्पादनमूलक उद्योगको अग्र र पृष्ठ सम्बन्ध विस्तार हुने गरी सरकारले नीति तथा कार्यक्रममार्फत् कार्यान्वयन गर्नुपर्छ ।

- उद्योगका लागि जग्गा प्राप्ति सहज बनाउने, विशेष आर्थिक क्षेत्रलाई उद्योगको स्थापना र विकासमा सहयोग पुग्ने गरी सञ्चालन गर्ने, उद्योग स्थापना र सञ्चालनलाई सहज र झण्झटरहित हुने गरी नीति तथा कानुन बनाई कार्यान्वयन गर्नुपर्छ ।

- माग र आपूर्तिसहित बजार विश्लेषणका आधारमा सम्भाव्य लगानीका क्षेत्र पहिचान गरी सम्भावनायुक्त क्षेत्रमा उद्योग स्थापनाका लागि सहजीकरण गर्नुपर्छ । औद्योगिक सडकको बेग्लै मापदण्ड निर्धारण र कार्यान्वयन गरी कच्चा पदार्थ तथा उत्पादनको ढुवानीमा रहेका असहजता हटाउनु पर्छ ।

- जग्गा प्राप्ति, उद्योग स्थापना र सञ्चालनमा संघ, प्रदेश र स्थानीय सरकार सबैले नीति तथा संस्थागत संयन्त्रमार्फत् लगानीकर्तालाई प्रोत्साहन र सहजीकरण गर्नुपर्छ । आवासीय क्षेत्रमा उद्योग र औद्योगिक क्षेत्रमा आवास दुबैका लागि चुनौती हुने भएकोले औद्योगिक क्षेत्रमा आवासीय र अन्य प्रयोजनका भवन निर्माणको अनुमति दिन बन्द गर्नुपर्छ । उद्योगका लागि विद्युत आपूर्ति सुनिश्चित हुने गरी पूर्वाधार स्तरोन्नती र आपूर्तिमा व्यापक सुधार गरिनुपर्छ ।

**पर्यटनक्षेत्र सँग सम्बन्धित सुझावहरूः**

- भारत, बंगलादेश, भुटान र आन्तरिक पर्यटकलाई मुख्य प्राथमिकतामा राखेर प्रदेश १ सरकारले पर्यटन प्रवर्द्धनको रणनीति र कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्छ । भारतीय पर्यटकलाई सम्मानपूर्वक बस्ने, भारतीय सवारी साधनमा निर्वाध घुमफिर गर्ने र पर्याप्त भारतीय मुद्रा ल्याएर नेपालमा खर्च गर्ने वातावरण बनाइनुपर्छ । भारत आउने बंगलादेशी नागरिकलाई नेपाल प्रवेश गर्न र फर्कन पाउने सुविधा दिने व्यवस्थाका लागि सरकारले भारत सरकारसँग कुटनीतिक प्रयास गर्नुपर्छ । बंगलादेशका नागरिकले नेपालको प्रवेशाज्ञा लिन काठमाडौं पुग्नु नपर्ने व्यवस्था गर्नुपर्छ ।

- सबै विमानस्थलबाट पर्यटकीय गन्तव्य जोड्ने गुणस्तरीय पर्यटन सडक निर्माण गरिनुपर्छ । भद्रपुर वा विराटनगर विमानस्थलको स्तरोन्नती र विकासमार्फत् क्षेत्रीय विमानस्थलको स्वरूप प्रदान गरी प्रदेश १ बाट प्रमुख पर्यटकीय गन्तव्यको नजिक रहेका लुक्ला, ताप्लेजुङ लगायतका विमानस्थलसम्म उडान हुने वातावरण बनाउनु पर्छ । साथै भारतका विभिन्न शहरबाट सिधा हवाई उडान हुने प्रबन्ध मिलाउनुपर्छ ।

- सगरमाथा आउने तेस्रो देशका नागरिकलाई प्रदेश १ का अन्य पर्यटकीय गन्तव्यसम्म जाने वातावरणका लागि पर्यटन प्याकेज निर्माण र प्रचारप्रसार गरिनुपर्छ । हिमाल आरोहण लगायत विभिन्न साहसिक र मनोरञ्जनात्मक क्रियाकलापको अनुमति प्रदेश तहबाट पनि उपलब्ध गराउने प्रबन्ध गरिनुपर्छ ।

- प्रदेश सरकारले प्रदेश १ को पर्यटन विकासमा काम गर्ने विशिष्टीकृत स्वायत्त निकाय निर्माण गर्नुपर्छ । त्यस्तो निकायमार्फत् पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धान, नीति तथा रणनीति तर्जुमा लगायत पर्यटनसँग सम्बन्धित कार्यको सम्पूर्ण जिम्मेवारी लिने तथा संघ र प्रदेशका सम्बन्धित निकायसँगको समन्वयमा पर्यटक सेवालाई व्यवस्थित गर्नुपर्छ ।

- पर्यटक सेवा र सत्कारसँग सम्बन्धित क्षेत्रमा गुणस्तरीय जनशक्तिको निर्माण र त्यस्ता जनशक्तिलाई रोजगारीको सुनिश्चितताका लागि सरकार र निजी क्षेत्रको साझेदारीमा जनशक्ति विकास कार्यक्रम कार्यान्वयन गरिनुपर्छ ।

- विराटनगरमा आँखा अस्पताल उपचारार्थ आइरहेका भारतीय नागरिक र तिनका सहयोगीलाई नजिकको पर्यटकीय गन्तव्यसम्म जाने गरी कार्यक्रम निर्माण गरी स्वास्थ्यसेवालाई पर्यटनसँग आवद्ध गर्नुपर्छ । पर्यटकीय क्षेत्र पहिचान, पर्यटन पूर्वाधार विकास तथा प्रचारप्रसारका कार्यमा सरकार र निजी क्षेत्रका बिच समन्वय र साझेदारी बढाउनु पर्छ ।

- विराटनगरमा औद्योगिक संग्रहालय समेत बनाएर विराटनगरलाई औद्योगिक पर्यटनको राष्ट्रिय केन्द्रको रूपमा विकास गर्नुपर्छ । प्रदेश १ लाई नेपालको राजनीतिक परिवर्तनको उद्‌गम बिन्दुका रूपमा समेत थप आकर्षक पर्यटकीय गन्तव्य बनाउन सकिन्छ । होटल लगायत पर्यटकीय पूर्वाधार विकासका लागि आवश्यक निजी र सार्वजनिक जग्गा भाडामा प्राप्त गर्न सकिने प्रबन्ध गरी पर्यटन क्षेत्रमा लगानीको वातावरण निर्माण गर्नुपर्छ ।

- निजी क्षेत्रले होटल, केबलकार, प्याराग्लाइडिङ लगायतका क्षेत्रमा लगानी गर्दा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने कुराको प्रत्याभूति दिलाई यसमा स्थानीयको समर्थन प्राप्तिका प्रदेश र स्थानीय सरकारले सहजीकरण गर्नुपर्छ । बाह्य लगानीलाई स्थानीयले स्वागत गर्ने वातावरण बनाउन स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना तथा लगानीमा स्थानीय समुदायको समेत हिस्सेदारी हुने जस्ता उपयुक्त विकल्पमा सरकार, लगानीकर्ता र समुदायका बिचमा सम्बाद र सहकार्य गरिनुपर्छ ।

- प्रदेशले प्रमुख पर्यटकीय गन्तव्य र सो गन्तव्यसँग नजिकमा रहेका स्थानीय महत्वका गन्तव्यको नक्शांकन गरी ती स्थानसम्मको यातायातको पहुँच र आधारभूत पर्यटकीय सेवाको उपलब्धताका लागि स्थानीय तह र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्छ ।

- खर्च गर्ने क्षमता भएका गुणस्तरीय पर्यटक आगमन बढाउने तथा उनीहरूलाई गर्ने व्यवहार र सत्कार, बसोबासको प्रबन्ध, सुरक्षा समन्वय जस्ता क्षेत्रमा रहेका समस्या हटाउनु पर्छ । त्यसका लागि सरकार, निजी क्षेत्र र समुदाय बिच सहकार्य र समान बुझाई निर्माण गर्नुपर्छ ।

- सगरमाथा लगायत हिमाली क्षेत्रमा आरोहण तथा दृष्यावलोकनका लागि आउने पर्यटकको प्रदेश १ को अर्थतन्त्रमा सम्बन्ध नहुने अवस्था अन्त्य गरी अन्य पर्यटकीय गन्तव्यसम्म लैजानका लागि वैकल्पिक गन्तव्यको प्रचारप्रसार र खुम्बु र कञ्चनजङ्घा क्षेत्रसँगको अन्तरसम्बन्ध विस्तार गर्नुपर्छ ।

- बंगलादेश र भुटानबाट आउने पर्यटकलाई प्रवेशाज्ञा सहज बनाउन नेपाल सरकारसँग आवश्यक समन्वय प्रदेश सरकारले गर्नुपर्छ ।

- सडक पूर्वाधार सुधार गरी प्रदेश राजधानी तथा मुख्य बजार र प्रमुख पर्यटकीय गन्तव्य तथा सम्बन्धित प्रमुख गन्तव्यबाट सहायक गन्तव्यसम्मको यातायात सञ्जाल विस्तार र सहजीकरणका लागि प्रदेश र स्थानीय सरकारका बिच सहकार्य बढाउनु पर्छ ।

## सन्दर्भ सामग्री


1. The First Periodic Plan of Province 1, 2019/20-2023/24, Provincial Planning Commission, 2020
2. Budget Speech, 2018/19, 2019/20, 2020/21 and 2021/22, Ministry of Economic Affair and Planning, Province 1, 2018, 2019, 2020 and 2021
3. Red Book, 2018/19, 2019/20, 2020/21 and 2021/22, Ministry of Economic Affair and Planning, Province 1, 2018, 2019, 2020 and 2021
4. Common Minimum Program of Province 1 Government, 2021
5. National Economic Census- 2018, Provincial Profile: Province 1, Central Bureau of Statistics, February 2021
6. Regional and Provincial National Accounts 2019, CBS,2021
7. Provincial GDP 2019/20 and 2020/21, Central Bureau of Statistics, 2021
8. Economic Survey 2020/21, Ministry of Economic Affairs and Planning-Province 1, 2021
9. Analytical Report on Wholesale and Retail Trade Industry, Central Bureau of Statistics, 2021
10. Manufacturing Sector Profile, Investment Board Nepal, March 2017
11. Analytical Report on Manufacturing Industry, Central Bureau of Statistics, 2021
12. Nepal Foreign Trade Statistics – 2019/20, Department of Customs, 2020
13. Foreign Trade Statistics, 2020/21, https://customs.gov.np/page/fts-fy-207879, December, 2021
14. Import Export Data 2020/21, https://nepaltradeportal.gov.np/web/guest/data-visualization;Dec, 2021
15. Major Imports and Exports from Biratnagar Port, https://customs.gov.np/uploads/Pages/1627810357_np.pdf
16. Statistical Information on Nepalese Agriculture 2019/20, Ministry of Agriculture & Livestock Development, June 2021
17. Industrial Statistics, 2021, Department of Industry https://doind.gov.np/industrial-statistics, December, 2021
18. Nepal Labour Force Survey 2017/18, Central Bureau of Statistics, 2019
19. Provinces of Nepal, Nepal Provinces (statoids.com), November 26, 2015
20. Province 1: A Data Overview, https://nepaloutlook.com/province-1/, June 6, 2020
21. Nepal Road Network, https://dlca.logcluster.org/display/public /DLCA/2.3+Nepal+Road+Network, November 16, 2020
22. National Accounts of Nepal 2020/21 and older version, published by CBS
23. PGDP_2077/78 and older version, published by CBS
24. Statistical Information on Nepalese Agriculture, Ministry of Agriculture Development.
25. Manufacturing Producer Price Index (MPPI), CBS
26. Manufacturing Production Index (MPI), CBS
27. Cost of production survey, CBS
28. Cost of production survey, Ministry of Agriculture Development
29. Census of manufacturing establishment 2011/12, CBS
30. Survey of small manufacturing establishment, 2008/09, CBS
31. Nepal Living Standards Surveys (NLSS) 2011/12, CBS
32. Population Census 2011
33. Preliminary reports of population census 2021.
34. Nepal Foreign Trade Statistics, Department of Customs.
35. Consumer Price Index(CPI), Nepal Rastra Bank.

Community Engagements & Outreach

**Community Engagements & Outreach Pvt. Ltd.**
Kamaladi Road, Suite 2, Kathmandu, Nepal
Phone: 01-4221507
Email: engage@ceo.com.np | www.ceo.com.np